डेङ्गी नियन्त्रणका उपाय
-लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाइ नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने।
-लामखुट्टेको टोकाइबाट बच्ने उपायहरू अपनाउने।
-डेङ्गीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कंदैनन्।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज १२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 28 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४१

## बर्खाले बझियानका किसान खुशी, थरुहटका दुःखी

धर्मेन्द्र चौरसिया, पोखरिया, ११ असोज/

बिहीवार रातिदेखिको अविरल बर्खाबाट पर्सा जिल्लामा गण्डक नहरको



दक्षिणी भेग बझियानका किसानहरू निकै खुशी भएका छन्। बर्खाले बझियानमा लगाइएको सोना मन्सुली धानलाई निकै फाइदा पुगेको किसानहरूले बताएका छन्। अहिले सोना मन्सुली धानको बाला लाग्ने बेलामा पानीले निकै फाइदा पुगेको किसानहरूले बताए।

कृषि ज्ञान केन्द्र, पर्साका बाली अधिकृत मिथलेश साहले यो बर्खाले सोना मन्सुली धानको बाला राम्रो हुने, धानबालीमा लागेका कीराहरूलाई हटाउने बताए। उनले धानसँगै उखुबालीलाई पनि बर्खाले फाइदा पुग्ने बताए। उनले उखुको आकार ठूलो हुने, कीराहरू हट्ने र उखुमा रस बढी लाग्ने बताए। यसका साथै धानबालीपछि गरिने दलहन बाली खेसारी र मसुरीको खेतीका लागि पनि बझियानका किसानहरूलाई फाइदा हुने उनले बताए।

यो बर्खाले खेतमा हिलो बढेको र असोजपछि धानसँगै लगाइने खेसारीखेती र धान कटानीपछि लगाइने मसुरोखेतीका लागि पनि माटो मलिलो भएर फाइदा पुग्ने बताए।



*नरेश यादव, पर्सागढी/*

अहिलेको बर्खाले बझियानका किसानहरूलाई जहाँ फाइदा पुगेको त्यहीं गण्डक नहरदेखि उत्तर थरुहट क्षेत्रका किसानहरूलाई भने घाटा भएको छ। थरुहट क्षेत्रमा थोरै मात्रामा सोना मन्सुली धानको खेती गरिन्छ। थरुहटमा १५० दिनमा सोना मन्सुली धान तयार हुने हुँदा बर्सेनि तीनवटा बाली गर्दै आएका थरुहट क्षेत्रका किसानहरूले अहिले सार्‍हो सोना धानको खेती गरेका छन्। सार्‍हो सोना धान ११० दिनमा तयार हुन्छ।

अहिले सार्‍हो सोना धान खेती गरेका किसानहरूको बालालाई पानीले हानि गर्ने स्थानीय किसानहरू बताउँछन्। बाला लागिसकेको सार्‍हो सोना धानलाई पानीले नोक्सान पार्ने र बालामा दाना नलाग्ने समस्या आउन सक्ने भएकाले यहाँका किसानहरू चिन्तित भएका हुन्। ११० दिनमा सार्‍हो सोना धान भित्र्याएपछि थरुहट क्षेत्रका किसानहरू मकै र आलु खेती गर्छन्। त्यसलाई भने पानीले फाइदा पुग्ने किसानहरू बताउँछन्।

## महानगरका स्थायी कर्मचारी र जनप्रतिनिधिले तलब पाए

प्रस, वीरगंज, ११ असोज/

वीरगंज महानगरपालिका कार्यालयमा कार्यरत करीब तीन सय बढी दैनिक ज्यालादारी र करारका कर्मचारीहरूले पाँच महीनादेखि तलब पाएका छैनन्।




वीरगंज महानगरपालिकाको खाता सञ्चालनमा आएसँगै कोलेनिकाबाट रकम निकासा गरेर स्थायी कर्मचारी र जनप्रतिनिधिहरूको तलब, भत्ता वितरण गरिएको स्रोतले जनाएको छ। दशैं मुखमा आउँदासम्म दैनिक ज्यालादारी र करारमा कार्यरत तीन सय बढी कर्मचारीले अहिलेसम्म तलब नपाएको स्रोतले जनाएको छ। गत जेठ महीनादेखि दैनिक ज्यालादारी र करारमा कार्यरत कर्मचारीहरूले तलब पाएका छैनन्।

स्थायी कर्मचारीहरूले साउनदेखि खाता सञ्चालनमा नआउँदा तलब पाएका थिएनन्। कर्मचारीहरूले तलब सुविधा, दशैं खर्च र सेवानिवृत्त कर्मचारीहरूको उपदानबापतको रकमलगायतका मागहरू राखी दुई साता अघि आन्दोलन गर्ने चेतावनी दिएका थिए। कर्मचारीहरूको तलब सुविधा एक सातामा दिनेगरी नगरप्रमुख राजेशमान सिंह कर्मचारी आन्दोलन रोकेका थिए। असोज ४ गते खाता सञ्चालनमा आएसँगै कर्मचारीहरूलाई तलब वितरण भएको छ। तर स्थायी कर्मचारी र जनप्रतिनिधिहरूलाई मात्र।

दैनिक ज्यालादारी, करारका कर्मचारीको तलब र सेवानिवृत्त कर्मचारीहरूको उपदानबापतको रकम उपलब्ध गराइएको छैन। एकजना सेवा निवृत्त कर्मचारीले करीब २८ जनाको उपदानबापतको साढे १३ करोड रुपैयाँ बक्यौता रहेको बताए। महानगरले यस अघि सात सय कर्मचारीलाई दैनिक ज्यालादारीमा खटाएर तलब वितरण गरेको घटनामा मलेपले बेरुजू ठहर गरेपछि उनीहरूलाई हटाएको थियो।

## नौवटा पालिकाको खाता सञ्चालन, पाँचवटाको अझै बाँकी

प्रस, वीरगंज, ११ असोज/

पर्सा जिल्लाका १४ वटा पालिकामध्ये असोज ११ गते शुक्रवारसम्म नौवटा पालिकाको बजेट निकासा भएको छ भने अझै पाँचवटा पालिकाको खाता सञ्चालनमा आउन सकेको छैन।

कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साका मनीष गौतमले गत भदौ २३ गतेसम्म सखुवाप्रसौनी गापा मात्रको बजेट निकासा भएको र त्यसपछि असोज ४ गतेसम्म वीरगंज महानगरपालिका, पोखरिया नगरपालिका र पटेर्वासुगौली गापा गरी तीनवटा पालिकाको खाता सञ्चालनमा आएको बताए। यसैगरी, अहिले असोज ११ गते शुक्रवारसम्म थप पाँचवटा पर्सागढी नपा, धोबिनी, छिपहरमाई, जगरनाथपुर र ठोरी गापाको खाता सञ्चालनमा आएको बताए।

सरकारले दिने अनुदान सहयोग त्रैमासिकरूपमा कोलेनिकामार्फत पालिकाहरूको खातामा जान्छ तर मन्त्रालयले पर्सा जिल्लाका पाँचवटा पालिकालाई अहिलेसम्म खाता सञ्चालनको सुविधा प्रदान गरेको छैन।

यसो गर्नुको कारण पाँचवटा पालिकाले अहिलेसम्म मन्त्रालयलाई नगर/गाउँ सभा गरेको विवरण अद्यावधिक गराएका छैनन्। असार ९ र १० गते पर्साका केही पालिकाहरूले नगर/गाउँ सभा सम्पन्न गरेका थिए। त्यसपछि असार मसान्त र भदौमा केही पालिकाहरूले गाउँसभा गरेका थिए। असोज ४ गते धोबिनी गापाले र असोज १० गते पकाहामैनपुरले गाउँसभा गरेका थिए भने अहिलेसम्म बहुदरमाई नगरपालिकाको मात्र नगरसभा भएको छैन।

नगर/गाउँ सभा सम्पन्न गरेको जानकारी मन्त्रालयलाई गराएका पालिकाहरूको हकमा मात्र मन्त्रालयले बजेट निकासाको लागि बाटो खुला गर्छ।

पर्सामा हालसम्म १३ वटा पालिकाको नगर/गाउँ सभा सम्पन्न भएको र पाँचवटा पालिका भने अहिलेसम्म सूचीकृत हुन सकेका छैनन्।

नगर/गाउँ सभा गरेका पालिकाहरूले बजेट विनियोजन गरेका वडाहरूका साथै नगर/गाउँस्तरीय योजनाहरूको पनि सूची मन्त्रालयमा पठाएको खण्डमा मात्र उनीहरूको बजेट निकासा हुन्छ।

अहिले पनि बहुदरमाई नपा र विन्ध्यवासिनी, जीराभवानी, कालिकामाई तथा पकाहामैनपुर गापा गरी पाँचवटा पालिकाको खाता सञ्चालनमा आउन सकेको छैन।

## अविरल वर्षाले पर्साको ग्रामीण क्षेत्र प्रभावित

बलिराम शुक्ला, बिरुवागुठी, ११ असोज/

अविरल वर्षाका कारण पर्सागढी नगरपालिकालगायत ग्रामीण भेगको जनजीवन प्रभावित बनेको छ।




वर्षाको कारण दैनिक ज्यालादारी गरी घरपरिवारको जीवन निर्वाह गर्दै आएकाहरू घरबाहिर काम गर्न निस्किन सकेका छैनन्।

अहिले छोटो समयमा पाक्ने धान कटानको समय भएकोले वर्षाको कारण धान काट्न जान नसकेको पर्सागढी नपा-३ का शिवनाथ माझी बताउँछन्। आफूसहित परिवारका सातजना सदस्य धान कटानीका लागि जान नसकेको उनले बताए। वर्षाका कारण ग्रामीण क्षेत्रमा चहलपहल बन्द भएको छ। सवारीसाधनहरू सञ्चालनमा छैनन्।

कुन स्थानमा बाटो खराब भएको छ, सोको यकीन नभएकोले आवतजावत बन्द भएको हो। ग्रामीण क्षेत्रका बजारहरू सुनसान छन्। मानिसहरूको चहलपहल कम भएको र निरन्तरको वर्षाले बडनिहार, मनवा, रङ्गपुरलगायतका बजारहरू सुनसान छन्।

बडनिहार बजारमा विद्युतीय सामानका पसले मोमताज अन्सारीले वर्षाले गर्दा मानिसहरूको चहलपहल कम भएकोले शुक्रवार बोहनीसम्म पनि हुन नसकेको बताए। असोज ७ गतेसम्म उखरमाउलो गर्मी भएको र त्यसपछि बादल लागेर मौसम अलि ठण्डा भएको तथा बिहीवार दिउँसोदेखि निरन्तरको वर्षाले अहिले पर्साका ग्रामीण क्षेत्रमा चहलपहल कम भएको हो।

**महानगर डुबानमा परेन**

वीरगंज महानगर बिहीवारदेखि परेको पानीले पनि डुबानमा नपरेको सरसफाइ महाशाखाका प्रमुख सर्फुद्दीन अन्सारीले बताए। उनले आदर्शनगर, रामटोल, मुर्ली, श्रीपुर, रानीघाट आदि डुबान पर्ने स्थानहरूमा बिहीवारदेखि शुरू भएको अविरल वर्षाले डुबान हुन नसकेको बताए।

उनले मुख्य र सहायक नालाहरूको सफाइ कार्य भएका कारण महानगरका डुबानग्रस्त क्षेत्र शुक्रवार डुबानमा नपरेको दाबी गरे। उनले मुर्ली र श्रीपुरको त्रिमूर्ति चोक अलिअलि डुबानमा परेको तर बाँकी स्थानहरू भने शुक्रवार डुबानमा नपरेको बताए।

## भारतीय पर्यटकहरूको स्वागत, सम्मान

प्रस, वीरगंज, ११ असोज/

होटल तथा पर्यटन व्यवसायी सङ्घ पर्साले शुक्रवार ४५औं अन्तर्राष्ट्रिय पर्यटन दिवस मनाएको छ।



वीरगंज नाका हुँदै जनकपुरधाम र पशुपतिनाथ गइरहेका छजना भारतीय धार्मिक पर्यटकलाई शङ्कराचार्यद्वारमा सङ्घले स्वागत तथा सम्मान गरेको थियो। धार्मिक पर्यटकहरूलाई दही र जुस खुवाएर टीका, माला लगाएर नेपालमा स्वागत गरिएको होटल तथा पर्यटन व्यवसायी सङ्घ, पर्साका अध्यक्ष हरि पन्तले बताए।

उनले नेपालमा रहेका धार्मिक, ऐतिहासिक, पुरातात्त्विक महत्त्वका स्थानहरूमा पर्यटकहरू पठाउन सहज होस् र यसमा सरोकारवालाहरूको ध्यान पुगोस् भन्ने उद्देश्यले अन्तर्राष्ट्रिय पर्यटन दिवसमा भारतीय पर्यटकहरूलाई सम्मान गरिएको बताए। उनले सरकारले धार्मिक महत्त्वका थुप्रै स्थानका बारेमा भारतीय पर्यटकहरूलाई प्रचारप्रसारको माध्यमबाट आकर्षित गर्नुपर्ने बताए।

आज भारतीय पर्यटकहरूलाई स्वागत, सम्मान गर्दै खाजा खुवाएर उनीहरूलाई गन्तव्यसम्म पुग्ने भाडाको पनि व्यवस्थापन गरिएको अध्यक्ष पन्तले बताए। कार्यक्रममा नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, पर्सा शाखाका उपाध्यक्ष युवराज खड्का, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्कीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, पर्यटन प्रहरीको टोली, होटल तथा पर्यटन व्यवसायी सङ्घ पर्साका रचेन्द्र थापा, माधव बस्नेत, सन्दीप बस्नेत, हीरा श्रेष्ठ, कुबेर कार्कीलगायतको सहभागिता थियो।

## शिक्षा क्षेत्रमा योगदान दिएकी मिश्र सम्मानित

नितेश कर्ण, वीरगंज, ११ असोज/

शैक्षिक, धार्मिक तथा सामाजिक क्षेत्रमा योगदान पुर्‍याएबापत वीरगंज महानगरपालिका-३२ निवासी ९८ वर्षीया एकल महिला मनदेवी मिश्रलाई अम्बिका/ममता स्मृति प्रतिष्ठानले शुक्रवार सम्मानित गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि नेकपा एमालेका उपाध्यक्ष एवं पूर्वमन्त्री सुरेन्द्र पाण्डेले वृद्धा मिश्रलाई २५ हजार नगदसहित दोसल्ला ओढाएर सम्मानित गरेका थिए। प्रमुख अतिथि पाण्डेले

(बाँकी अन्तिम पातामा)



## विचारसार र सूक्तिहरू

**जहाँ मूर्खतालाई देशभक्ति ठानिन्छ, त्यहाँ बुद्धिमान् बन्नुजस्तो जोखिम केही होइन ।**

**–इशाक असिमोभ**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# विदेशी मुद्रा सञ्चिति

**कुनै पनि मुलुकले विदेशी ऋण भुक्तानी गर्न तथा अन्तर्राष्ट्रिय व्यापारको लागि विदेशी मुद्रा प्रयोग गर्छ । नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको प्रतिवेदन अनुसार यतिबेला मुलुकमा २१ खर्ब (२.१ ट्रिलियन) रुपैयाँ विदेशी मुद्रा सञ्चिति छ । यो भनेको नेपालको केन्द्रीय बैंकमा विदेशी मुद्राको कुल भण्डार हो । जुन नेपालको आर्थिक सुरक्षा र अन्तर्राष्ट्रिय व्यापारको लागि महत्त्वपूर्ण छ। यसबाट मुलुकले आयातको लागि कति समयसम्म भुक्तानी गर्न सक्छ भन्ने अनुमान गर्न सजिलो हुन्छ । विदेशी मुद्राको सञ्चिति राम्रो भएमा त्यसले देशको अर्थतन्त्रलाई स्थायित्व दिन्छ । जसले आयात गर्न, अन्तर्राष्ट्रिय बजारमा भरोसा कायम राख्न र विदेशी ऋण भुक्तानी गर्न सजिलो हुन्छ । हाम्रो मुलुकले वैदेशिक कारोबारमा मासिक सरदर एक खर्बदेखि डेढ खर्ब रुपैयाँसम्म खर्च छ। सन् २०२३ मा नेपालले मासिक औसत एक खर्बदेखि डेढ खर्ब नेपाली रुपैयाँ बराबरको विदेशी मुद्रा खर्च गरेको तथ्याङ्क छ । हाल हामीसँग रहेको विदेशी मुद्रा सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रु १८ खर्ब ८३ अर्ब ४२ करोड र बैंक तथा वित्तीय संस्थामा रु दुई खर्ब आठ अर्ब ७९ करोड छ । चालू आवको पहिलो महीनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी मुद्राले १६ दशमलव सात महीनाको वस्तु आयात गर्न र १३ दशमलव पाँच महीनाको वस्तु तथा सेवा आयात धान्न प्रशस्त पुग्छ ।**

**नेपालमा विदेशी मुद्राको सञ्चिति अहिलेसम्मकै राम्रो मान्नुपर्छ । यसभन्दा पहिले सन् २०२१ को मध्यतिर विदेशी मुद्रा सञ्चिति करीब १८ खर्बसम्म पुगेको थियो। त्यति बेला कोभिड–१९ को प्रभावले लकडाउनले विश्व नै ठप्प भएपछि आयातमा कमी आएको कारण खर्च हुन नसकेर विदेशी मुद्रा सञ्चिति भएको थियो। सन् २०२१ पछि आयातमा पुनः वृद्धि हुँदा र व्यापार घाटा बढ्न थालेपछि विदेशी मुद्रा सञ्चिति घटेको थियो ।**

**वर्तमानमा मुद्रा सञ्चितिको अवस्था विगतको भन्दा नितान्त फरक छ। यो २१ खर्ब रुपैयाँसम्म सञ्चिति पुग्नु भनेको मुलुकको आयात–निर्यात व्यवस्थापन र विप्रेषण प्रवाहमा सुधार हुन थालेको सङ्केत हो । विदेशी मुद्राको सञ्चितिले मुलुकको अर्थतन्त्रलाई विभिन्न फाइदाका साथै स्थिरता र लचिलोपन प्रदान गर्छ । जस्तै विदेशी सामान तथा वस्तु मुलुकले आफ्नो आवश्यकता अनुसार आयात गर्न सक्छ, हाम्रो मुलुक जस्तो आयात–निर्भर देशका लागि यो महत्त्वपूर्ण छ । अर्को फाइदा विदेशी मुद्राको सञ्चिति बढ्दा हाम्रो नेपाली मुद्रा अवमूल्यन हुन पाउँदैन, बलियो हुन्छ। हाम्रो मुद्रा बलियो रह्यो भने आयातीत वस्तु महँगो वा मुद्रास्फीति हुन पाउँदैन । विदेशीले हामीसँग व्यापार गर्दा पनि विदेशी मुद्रा सञ्चिति हेरेर कारोबार गर्छ। पर्याप्त सञ्चिति रहँदा मुलुकप्रति अन्तर्राष्ट्रिय विश्वसनीयता र आर्थिक स्थायित्व बढ्छ । यसले मुलुकका लागि बाहिरबाट आउने ऋण तथा अनुदान सहयोग, आपत्कालीन सहयोगलगायत भुक्तानीमा सहज हुन्छ। विदेशी मुद्रा सञ्चितिको जस, जति कन्जुस्याइँ गरे पनि वर्तमान सरकारलाई दिनै पर्छ। विप्रेषण प्रवाहमा प्रोत्साहन, आयात नियन्त्रण, विदेशी लगानी आकर्षण, विनिमय दर स्थिरता र अन्तर्राष्ट्रिय सहयोगमार्फत विदेशी मुद्रा सञ्चिति बढाउनुमा सरकारको आर्थिक नीति तथा निर्णयहरूको भूमिका** [redacted]

# मानव समाजको विकासक्रममा धर्म र विज्ञानको प्रभाव

स्वतन्त्र विचार



बैद्यनाथ श्रमजीवी

धर्म र विज्ञान दुवै मानव सभ्यताका महत्त्वपूर्ण पक्ष हुन् । यिनले मानिसको जीवन र सोचमा गहिरो प्रभाव पार्छन्। धर्म एक आध्यात्मिक वा नैतिक प्रणाली हो, जसले जीवनका उद्देश्य र मूल्यहरूलाई परिभाषित गर्छ, जबकि विज्ञान तर्क र प्रमाणमा आधारित ज्ञानको अध्ययन हो। आउनुस् यस लेखमा धर्म र विज्ञानका अवधारणा, यिनका बीचको भिन्नता र समाजमा तिनीहरूको सकारात्मक र नकारात्मक प्रभावका बारेमा थोरै चर्चा गरौं ।

**धर्म के हो ?**

मानवजीवनको विकासक्रममा अज्ञानताले भरिएको अवस्था रहनु स्वाभाविक हो । त्यति बेला प्रकृतिमा घटिरहेका तथा मानिसको स्वयंका जीवनमा घटिरहेका विभिन्न घटना दुर्घटनाहरूका बारेमा किन यस्तो भइरहेको छ भन्ने कुराको वास्तविकता पत्ता लगाउने न त कुनै उपकरणको विकास भएको थियो, न त मान्छेको दिमाग नै त्यति विकसित थियो। त्यसैले यस्तो बेलामा मानिसहरूसँग केवल आधारहीन कल्पना गर्नुबाहेक अरू विकल्प नै थिएन । त्यतिखेर उनीहरूले सीधा आफूलाई सकारात्मकरूपमा प्रभाव पार्ने चीजहरूलाई ईश्वर र देवताको रूपमा पूजा गर्नु पनि स्वाभाविक नै थियो किनभने यसको विकल्पमा अरू कुनै उपाय नै थिएन । चार हजार वर्ष पहिले मानिसहरूले प्रकृतिको पूजा गरेको देखिन्छ। चाहे सूर्य होस् अथवा चन्द्रमा, वायु होस् अथवा आगो, नदी होस् अथवा बाढी वर्षात् सबै कुरालाई पूजा गरेको देखिन्छ ।

धर्म भनेको एउटा यस्तो प्रणाली हो, जसले मानिसको नैतिक र आध्यात्मिक जीवनलाई निर्देशित गर्छ। यसको मुख्य उद्देश्य जीवनका अर्थ र उद्देश्यलाई खोज्नु हो । त्यसैले धर्मका विभिन्न तत्त्वहरूमा निम्नलिखित समावेश हुन्छन् ।

**विश्वास**

धर्ममा प्रमाणिकता वा प्रमाणको कुनै अर्थ हुँदैन । प्रमाणतिर गयो भने धार्मिकतामा आँच पुग्न थाल्छ । यहाँ त केवल विश्वास महत्त्वपूर्ण हुन्छ, जुन अदृश्य शक्ति, देवता वा सर्वोच्च अस्तित्वमा आधारित हुन्छ। ईश्वर, स्वर्ग, नर्क, भाग्य, पुनर्जन्म, पूर्वजन्म आदि छन्। छन् भनेपछि छन् यसलाई प्रमाणित गर्नु वा खोज्नुपर्दैन, यो केवल मान्ने विषय हो । तपाईं मान्नुस् छन् कुरा सिद्धियो । मान्नुभएन भने तपाईंलाई पाप लाग्छ । मरेपछि ईश्वरले दण्ड दिन्छन् । नर्क जानुपर्छ आदि इत्यादि त्रास पनि योसँगै जोडिएको हुन्छ । मान्नुभयो भने तपाईं स्वर्गमा जानुहुन्छ, जहाँ सुखै सुख छ र अर्को जुनीमा तपाईं सुखै सुख भोग्न पाउनुहुन्छ । यी सबै कुरालाई केवल विश्वास गर्ने हो । तपाईंले मान्ने हो। फेरि यसमा तर्क वा प्रश्न गर्ने होइन ।

**आचारसंहिता**

धार्मिक प्रथाहरू, कथाहरू र नियमहरूको सेट, जसले अनुयायीहरूलाई नैतिक र सामाजिक आचरणमा निर्देशन दिन्छ ।

**समुदाय**

धर्मले मानिसहरूलाई एकत्रित गर्छ र सामूहिक पहिचान बनाउँछ ।

**आध्यात्मिकता**

मानिसको आत्मा र अस्तित्वको गहिरो खोजी अर्थात् मानिसभित्र आत्मा र परमात्माको सम्बन्धबारे गहिरो खोज नै धर्म हो । यसो भनिराख्दा भन्न खोजिएको यो हो कि प्रत्येक जीवभित्र आत्मा हुन्छ, आत्मा अमर छ, यो जीव मरेपछि अर्को जीवमा प्रवेश गर्छ। यसरी आत्माहरू क्रमशः कर्मको आधारमा पुनर्जन्म लिइरहन्छन् । यी सबैको लेखाजोखा परमात्माले गर्ने गर्छन्। त्यस कारण बाँचुन्जेल आध्यात्मिक बन्नुपर्छ। ईश्वरको भक्तिमा लिन हुनुपर्छ । परमात्माको दास बन्नुपर्छ। अनिमात्रै मृत्यु भुवनको जीवनबाट मुक्ति पाइन्छ। जीवनको बारेमा सबै धर्मको सार यही हो ।

**विज्ञान के हो ?**

विज्ञान भनेको एक प्रणाली हो, जसले भौतिक संसारको अध्ययन र व्याख्या गर्छ। यसको मुख्य उद्देश्य यथार्थता र तर्कमा आधारित ज्ञानको खोजी गर्नु हो। विज्ञानले सबै प्रकारका अन्धविश्वासहरूलाई खारेज गर्छ । कुनै पनि अदृश्य शक्तिको उपस्थिति जसलाई प्रमाणित गर्न सकिंदैन ठाडै नकार्छ। प्रमाणित नभएसम्म कसैलाई पनि स्वीकार गर्दैन । विज्ञान आस्था र विश्वासको विषय होइन, यो प्रमाण र खोजको विषय हो । त्यसैले विज्ञानका विभिन्न विशेषताहरूको बारेमा जानौं ।

**प्रमाण**

वैज्ञानिक अनुसन्धानले तथ्य र प्रमाणमा आधारित परिणाम निकाल्छ। यसमा कुनै पनि प्रकारका आस्थाको आधारमा वा विश्वासको आधारमा निष्कर्ष निकाल्न पाइँदैन ।

**तर्क**

कुनै पनि चीजलाई हो होइन, ठीक वा बेठीक प्रमाणित गर्न विज्ञानले एउटा लामो प्रक्रियाबाट त्यो चीजलाई परीक्षण, अनुसन्धान र खोज गर्ने गर्छ। यसको लागि विज्ञानका प्रयोगशालाहरू र विभिन्न भौतिक यन्त्रहरूको उपयोग गरिन्छन् । वैज्ञानिक विधि र तर्कका माध्यमबाट मात्रै ज्ञानको विकास हुन्छ।

**पुनरावलोकन**

एकचोटि प्रमाणित भइसकेको कुराहरूलाई फेरि अर्कोचोटि पनि कसैले चुनौती दिन सक्छ वा गलत साबित गर्न सक्छ भने यसको लागि विज्ञान सबैलाई सधैं स्वागत गर्छ। विज्ञानले नयाँ प्रमाण र तथ्यको आधारमा आफ्नो सिद्धान्तलाई परिमार्जन गर्न सधैं तयार रहन्छ ।

**प्रयोग**

विज्ञानले सबै प्रकारका अदृश्य शक्तिलाई खारेज गर्छ । अर्थात् यस्तो कुनै शक्ति जसलाई प्रमाणित गर्न सकिंदैन तर त्यसैले सबैथोक गरिरहेको छ, यस्तो कुरामा विश्वास गर्दैन । विज्ञान जहिले पनि प्रयोग र अवलोकनका माध्यमबाट ज्ञानको विकास गर्छ। धर्म र विज्ञानबारे यति कुरा गरिसकेपछि आउनुस् थोरै यिनीहरूबीचमा के फरक छन् यसबारे चर्चा गरौं।

**धर्म र विज्ञानमा के फरक छ ?**

धर्म र विज्ञानका बीचमा निम्नलिखित प्रमुख भिन्नताहरू छन्।

**आधार**

- संसारका सबै धर्मको आधार विश्वास र आध्यात्मिकता हो ।
- विज्ञानको आधार तर्क, प्रमाण र अनुभव हो ।

**उद्देश्य**

- धर्मले जीवनको उद्देश्य र नैतिक मूल्यहरू केवल आस्था र विश्वासको आधारमा अप्रमाणित कुराहरूले प्रदान गर्न खोज्छ, जसको वास्तविक संसारमा कुनै अर्थ हुँदैन ।
- विज्ञानले सबै प्रकारका आध्यात्मिक संसारलाई अस्वीकार गर्छ तथा भौतिक संसारको अध्ययन र व्याख्या गर्ने प्रयास गर्छ ।

**तरीका**

- संसारका सबै धर्म केवल मान्ने विषय भएका हुनाले सबै धर्ममा विश्वास र प्रथाहरू महत्त्वपूर्ण हुन्छन् ।
- संसारको कुनै पनि कुरा मान्नुभन्दा पनि जान्नुपर्छ भने मान्यता लिएर अगाडि बढेको हुनाले विज्ञानमा अनुसन्धान, परीक्षण र तर्क महत्त्वपूर्ण छन् ।

**स्वीकृति**

- धर्ममा व्यक्तिविशेषको अनुभव र विश्वास महत्त्वपूर्ण हुन्छ ।
- विज्ञानमा सामूहिक प्रमाण र तथ्य महत्त्वपूर्ण हुन्छ ।

यसरी धर्म र विज्ञान फरकफरक कुरा हुन् । धर्मले मानव समाजमा अज्ञानता भएको बेलाको सम्झना र स्मृति गराउँछ भने विज्ञानले उन्नत प्रविधि खोज, अनुसन्धान, प्रमाण आदिको आधारमा प्रकृतिलाई जान्न व्याख्या गर्न तथा फेर्न मदत पुर्‍याउँछ । अब धर्म र विज्ञानको मानव समाजमा के कस्तो प्रभाव छ त आउनुस् यसबारे थोरै चर्चा गरौं ।

**धर्म र विज्ञानको समाजमा प्रभाव**

द्वन्द्वमा आधारित रहेको यो प्रकृतिमा सबै कुराको फाइदा र नोक्सान, सकारात्मक र नकारात्मक दुवै अवस्था हुने गरेकाले धर्म र विज्ञानको पनि समाजमा सकारात्मक र नकारात्मक प्रभाव रहेका छन् ।

**धर्मका सकारात्मक प्रभाव**

**सामाजिक एकता**

सुरुआती चरणमा धर्मले मानिसहरूलाई एकत्रित गर्ने र सामाजिक एकता पैदा गर्ने गरेको देखिन्छ ।

**नैतिक शिक्षा**

धर्मले मानिसलाई नैतिक मूल्य र आचारको ज्ञान दिन्छ, जसले समाजमा राम्रो आचरण र सहिष्णुता अपेक्षा गरिन्छ ।

**आध्यात्मिक शान्ति**

धर्मले मानिसको आन्तरिक शान्ति र मानसिक स्वास्थ्यमा सुधार ल्याउन प्रयास गरेको रूप पक्ष देखिन्छ ।

**विज्ञानका सकारात्मक प्रभाव**

**जीवनस्तर सुधार**

विज्ञानले चिकित्सा, प्रविधि र कृषि क्षेत्रमा उन्नति गराउँछ, जसले जीवनस्तरमा सुधार ल्याउँछ ।

**समाजको विकास**

वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनले समाजको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

**ज्ञानको विस्तार**

विज्ञानले संसारका बारेमा ज्ञानको विस्तार गर्दै मानिसको सोचमा नवीनता ल्याउँछ ।

**धर्मका नकारात्मक प्रभाव**

**धार्मिक विवाद**

विभिन्न धर्मका अनुयायीहरूबीचको विवाद र असहिष्णुताले गर्दा समाजभित्र ईर्ष्या, घृणा, जलन, रिसराग, हिंसा जस्ता कुरामा निकै वृद्धि भएको देखिन्छ ।

**आधुनिकताको विरोध**

धर्मले आधुनिकता र विज्ञानको विरोध गरेको हुनाले मानव समाजको आधुनिक विकासमा बाधा पुगेको छ। वैज्ञानिक चेतनाभन्दा पनि अवैज्ञानिक कुरामा समाज अल्झिरहेको देखिन्छ ।

धार्मिक कट्टरपन्थ

धार्मिक कट्टरपन्थ र चरमपन्थी विचारधाराले समाजमा पटकपटक तनाव र हिंसा पैदा गर्दै आएको छ र अहिले पनि जारी छ ।

**विज्ञानका नकारात्मक प्रभाव**

**नैतिक समस्या**

विज्ञानले उत्पन्न गरेको प्रविधि र अनुसन्धानले नैतिक प्रश्नहरू उठाउन सक्छन् ।

**विज्ञानको दुरुपयोग**

विज्ञानलाई हानि पुर्‍याउने काममा प्रयोग गरिन सक्छ, जस्तै आणविक हतियार ।

**पर्यावरणीय प्रभाव**

विज्ञान र प्रविधिको दुरुपयोगले वातावरणीय समस्याहरू निम्त्याउन सक्छन् ।

संसारका सबै धर्म यतिबेला व्यक्तिविशेष र वर्गविशेषका कमाइखाने धन्धामा मात्रै सीमित भएका हुनाले समाजभित्र धर्मले अन्धविश्वास र रूढिवाद, पाखण्ड मात्रै फैलाउने गरेको हुनाले आधुनिक समाजको विकासको मूल बाधकको रूपमा धर्म रहेको स्पष्ट देख्न सकिन्छ । यसर्थ धार्मिकताबाट विस्तारै समाज अलग हुँदै वैज्ञानिक चेतनातर्फ अगाडि बढ्न जरुरी छ। आजको समाज समृद्ध बनाउनको लागि अन्धविश्वास होइन रूढिवाद र कर्मकाण्डीय पाखण्डले होइन वैज्ञानिक चेतना र भौतिकवादी चेतनाले मात्रै सम्भव छ। आजको मानव प्रकृतिमैत्री र मानवतावादी हुन जरुरी छ।

कुनै व्यक्ति यति धेरै खाने कि भुँडी फुटेर मर्ने र कुनै व्यक्ति खान नपाई भोकभोकै मर्ने यो विभेदको अवस्था अब मेटिनुपर्छ। समाजमा देखिएका कुनै पनि विभेद चाहे त्यो आर्थिक होस् वा सांस्कृतिक सबै विभेदहरू मानिस स्वयंले उत्पन्न गरेको छ । कुनै पनि विभेद अदृश्य शक्ति वा भाग्यले गर्दैन किनकि न त ईश्वर छ, न भाग्य छ, यी सबै केवल मानिसको कल्पना हो। यसर्थ राज्य भौतिकवादी भई सबै विभेदको अन्त्यतर्फ लाग्न जरुरी छ । अबको युगमा कोही महिला भएकै कारण, दलित भएकै कारण, विकट भूगोलमा भएकै कारण भोकै बस्नुपर्ने, अशिक्षित भएर मर्नुपर्ने वा असुविधामा बाँच्नुपर्ने भाग्यवादी कर्म फलले विकास र समृद्धिको बाटो तय गर्न सकिंदैन। यसर्थ प्रत्येक मानवले सबै किसिमका सुविधा राज्यबाट भेदभावरहित किसिमले पाउनुपर्छ । यो नै वैज्ञानिक कुरा हो । मानिसबीचमा मान्छेले खडा गरेका सबै प्रकारका विभेदको पर्खाल भत्काऔं, मानवता र प्रकृतिलाई जोगाऔं, भौतिकवादी समाज निर्माणमा अगाडि बढौं। आजको युगको यही नै आवश्यकता हो ।

**संसारका सबै धर्म यतिबेला व्यक्तिविशेष र वर्गविशेषका कमाइखाने धन्धामा मात्रै सीमित भएका हुनाले समाजभित्र धर्मले अन्धविश्वास र रूढिवाद, पाखण्ड मात्रै फैलाउने गरेको हुनाले आधुनिक समाजको विकासको मूल बाधकको रूपमा धर्म रहेको स्पष्ट देख्न सकिन्छ ।**

# टिपरको ठक्करबाट अधिकारीको मृत्यु

नितेश कर्ण, वीरगंज, ११ असोज/

पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको हरिवनमा शुक्रवार दिउँसो टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । हरिवन नगरपालिका–११ बासाटोलस्थित चिनीमिलअगाडि भएको दुर्घटनामा मोटरसाइकल चालक हरिवन–७ निवासी ४२ वर्षीय दीपक अधिकारीको मृत्यु भएको हो ।

बागमती प्रदेश ०२–०३७प४४०१ नम्बरको मोटरसाइकलमा सवार अधिकारीलाई दिउँसो ३ बजेतिर हरिवनबाट नवलपुरतर्फ गइरहेको प्रदेश २–०३–००१क११३७ नम्बरको टिपरले ठक्कर दिएको प्रहरीले जनाएको छ । टिपरको ठक्करबाट मोटरसाइकल चालक अधिकारीको घटनास्थलमैं मृत्यु भएको थियो । मोटरसाइकललाई ठक्कर दिने टिपर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# कौशल पाण्डेको व्यक्तित्वको चिनारी–‘स्मृतिका पानाहरू’


स्वान्त सुखायः



सञ्जय मित्र
mitrasanjay41@gmail.com

कतिपय मानिसले आफ्नो जीवनमा कुनै परिचय बनाउन सक्दैन । परिचय बनाउन नपाइकन उसको जीवन व्यतीत हुन्छ र कतिपय मानिस यस्ता हुन्छन् जसको एकभन्दा बढी व्यक्तित्व समाजमा स्थापित हुन पुग्दछ । एकभन्दा बढी व्यक्तितव बनाउन सक्ने व्यक्तिलाई बहु प्रतिभाशाली भनिन्छ। आजभोलि बहुमुखी प्रतिभा कम, बहुआयामिक व्यक्तित्व बढी भन्न थालिएको छ। जीवनमा एकभन्दा बढी आयाम हुनु बहुआयामिक व्यक्तित्व हो। आफ्नो नैसर्गिक जीवन व्यतीत गर्दै अर्थात् रोजीरोटी गर्दै, घरपरिवार धान्दै एकभन्दा बढी व्यक्तित्व हुन् कौशल पाण्डे।

कौशल पाण्डेको जन्म वि.स. २००४ पुस १५ गते पिता रुद्रबहादुर पाण्डे र माता मधुमाया पाण्डेको सन्तानको रूपमा उदयपुर जिल्लाको सिरुवानी तामाडाँडामा भएको हो । पाण्डेको परिवार वि.स. २०१२ मा उदयपुरबाट धनुषाको ढल्केबर बसाइँ सरेर महोत्तरीको किसाननगर, अनि १२ वर्षपछि रौतहट, हिमालीवास सरेको थियो । रौतहट पुग्दा पाण्डे २० वर्षका थिए । हिमालीवासबाट २०४५ मा हेटौंडा–११ नवलपुर र केही वर्षपछि हेटौंडा–४ बुद्धपथमा आई पाण्डे परिवार



बस्न पुग्यो। बुद्धपथस्थित निवासमैं उनको ७५ वर्षको उमेरमा २०७९ कात्तिक १० मा निधन भयो । पाण्डेका एक छोरा प्रशान्तकुमार पाण्डे, एक छोरी नमूना पाण्डे र पत्नी शकुन्तला पाण्डे छन् ।

पाण्डेको जीवन पूर्णतः सङ्घर्षमा बितेको देखिन्छ । हुन पनि जसले कुनै सङ्घर्ष गर्दैन, उसको जीवनमा ठूलो सफलता आउँदैन । सङ्घर्ष नगर्नेले जीवनलाई बुझेकै हुँदैन। कौशल पाण्डेले आफ्नो जीवनमा अनेक किसिमका सङ्घर्ष गरे। उनका सङ्घर्षहरू समाजका लागि, विपन्न समुदायका लागि र देशका लागि थिए। उनले असल, सभ्य र सुन्दर समाज निर्माणको लागि आजीवन सत्कर्म गरे ।

हालै ‘स्मृतिका पानाहरू’ कौशल पाण्डे स्मृति ग्रन्थ–२०८१ प्रकाशित भएको छ । यसमा विभिन्न लेखक तथा समकालीनहरूले पाण्डेको जीवनीको मूल्याङ्कन गरेका छन् । पाण्डेले आधा दर्जनभन्दा बढी शैक्षिक संस्थामा पढाए। अध्यापन उनको रोजीरोटी मात्र नभएर, चेतना विस्तारको माध्यम पनि रहेको देखिन्छ। नेपालमा शिक्षकहरूको पहिलो संस्था नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको स्थापना र विस्तारमा पाण्डेको अहम् भूमिका छ । प्राथमिक विद्यालयदेखि विश्वविद्यालयसम्म अध्यापन गराएका पाण्डेले शैक्षणिक जीवनका करीब सबै अनुभूति प्राप्त गरे। पाण्डेले माध्यमिक तहमा पहिलोपटक पत्रकारिता विषयको पनि अध्यापन गरे। स्नातक तहमा पनि पत्रकारिता अध्यापन गरेका पाण्डेलाई एक अर्थमा नेपालमा पहिलो पत्रकारिता अध्यापक भन्न सकिन्छ।

पत्रकारिता नपढे पनि लगातार पत्रकारिता गरेकाले पाण्डेले पत्रकारिता पढाएका हुन् । सैद्धान्तिक ज्ञानसँगै अनुभवका खानी, पाण्डेले हेटौंडाबाट ‘प्रयास साप्ताहिक’ प्रकाशन गरे। ‘प्रयास’ पहिले साहित्यिक त्रैमासिक थियो। प्रयास पछिल्लो चरणमा अर्धसाप्ताहिक बनेको थियो। हेटौंडा बसाइँको समयमा प्रयासमा करीब एक दशक यस पङ्क्तिकारले पनि कलम चलाउने मौका पाएको थियो । पत्रकारितामा पाण्डेले जनपक्षीय विचारको प्रस्तुतिलाई आफ्नो धर्म बनाएका थिए । मुख्यगरी श्यामप्रसाद शर्माका रचनाहरूलाई निरन्तर प्रकाशित भइरह्यो ।

अहिले मकवानपुरलाई साहित्यको राजधानी भन्न थालिएको छ । मकवानपुरमा साहित्यको विस्तारमा ‘साहित्य सङ्गम मकवानपुर’को ठूलो हात छ । साहित्य सङ्गम मकवानपुरको स्थापनामा नै कौशल पाण्डेको भूमिका रहेको थियो। पाण्डेले प्रगतिशील लेखक सङ्घ, जनवादी साहित्य समाजजस्ता विभिन्न साहित्यिक संस्था गठन र सञ्चालनमा विशिष्ट भूमिका खेले । प्रसिद्ध प्रगतिवादी साहित्यकार श्यामप्रसाद शर्माको देहावसानपछि उनको नाममा श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठान मकवानपुर, गठन गरी संस्थापक अध्यक्ष भएर काम गरे । पाण्डे आफैं पनि साहित्यकार थिए। उनका दर्जनौं रचना यत्रतत्र छरिएर रहेका छन् । यसरी प्रतिभा उत्पादन, प्रतिभा विस्तारण, साहित्य सिर्जना, साहित्य प्रकाशन, संस्थाको निर्माण र सञ्चालन आदि क्षेत्रमा पाण्डेले निकै ठूलो योगदान दिएका छन्।

शिक्षण, पत्रकारिता र साहित्यका त्रिवेणी कौशल पाण्डे राजनीतिमा पनि उच्चस्तरको दख्खल राख्ने व्यक्तित्व थिए। मूलतः श्यामप्रसाद शर्मालाई आफ्नो आदर्श मान्ने र वामपन्थी विचारलाई जीवनमा दर्शनका रूपमा लिने पाण्डेको राजनैतिक जीवन श्यामप्रसाद शर्माकै सेरोफेरोमा बढी केन्द्रित देखिन्छ। शर्माको राजनीतिक दलको केन्द्रीय सदस्यको रूपमा गाउँगाउँमा राजनीतिक जागरण ल्याएका पाण्डे पछिल्लो चरणमा माओवादी विचार नजीक पुगेका थिए। हिंसाको ठाडो समर्थन नगर्ने तर वैचारिक समर्थन गर्ने पाण्डेको राजनैतिक दर्शन प्रजातान्त्रिक समाजवाद किसिमको देखिन्छ ।

श्यामप्रसाद स्मृति प्रतिष्ठान नेपाल, मकवानपुरले प्रकाशित गरेको प्रस्तुत कृति ‘स्मृतिका पानाहरू’मा अञ्जलि थापा, अरुण खतिवडा, आरआर चौलागाईं, ऋषिराम पोखरेल बकिमहे, कृष्णप्रसाद घिमिरे, कृष्णप्रसाद दाहाल, गोकर्ण खनाल, जनार्दन खनाल, देवराज खरेल, नवराज शर्मा, नानीमाया विष्ट, नानीमैयाँ अधिकारी, निमेष निखिल, पुरनबहादुर जोशी, विमलकेशरी पौड्याल, विमल निभा, मणिराज गौतम, मीनेन्द्र भण्डारी, डा. मुकेशकुमार चालिसे, मुक्तिबन्धु, मोदनाथ पोखरेल, मोहनदुलाल, रामबाबू थापा, रामकृष्ण भण्डारी, राधा तिमल्सिना, वनमाली सुवेदी, शङ्करराज बानियाँ सागर, शिवकुमार श्रेष्ठ, शेषमणि आचार्य, श्रीराम पाण्डे, सञ्जय साह ‘मित्र’, डा. सम्राट तुम्बाहाङ्फे, साम्ब ढकाल, सुरेश श्रेष्ठ, सुबास खनाल, सुशील मुडभरी, सूर्यचन्द्र न्यौपानेजस्ता अग्रज, समकालीन र अनुज तथा शिष्यले विभिन्न कोणबाट आफ्नो सम्बन्ध जनाउँदै पाण्डेको बहुआयामिक व्यक्तित्व खोतलेका छन् । यी आलेखहरूबाट पाण्डेको ओजपूर्ण जीवन र जीवनका विभिन्न पाटाको सङ्क्षिप्त जानकारी प्राप्त हुन्छ । यसैगरी कृतिको अन्त्यमा पाण्डेका केही रचना छन्, जसले यस कृतिको ओज बढाएको छ । ‘एकाध प्रसङ्ग’, ‘सम्झँदै जाँदा’, ‘दृष्टिकोणकै कुरा’, ‘यथार्थ र अनुभूति’, ‘बूढो बाज सम्मानित भएछ’ तथा ‘सहयात्री’ शीर्षकका कविता, लेख र निबन्धहरूमा पाण्डेको लेखनशैली र स्पष्ट वैचारिक धरातल देख्न सकिन्छ। साहित्य सरल भाषामा लेखिनुपर्छ भन्ने विचारका पक्षधर पाण्डेका रचनाहरूले यसै विचारको प्रतिनिधित्व गरेका छन् । ‘स्मृतिका पानाहरू’ स्मृति लेख, जीवनी, समीक्षा र कविता समेटिएको स्मृति ग्रन्थ हो। यसको सम्पादन गरेका छन् भरत दुलालले । प्रकाशनको चाँजोपाँजो इन्द्र नेपालले मिलाएका छन् ।

‘स्मृतिका पानाहरू’ पाण्डेप्रति चढाइएको श्रद्धा–सुमन हो । पाण्डेको जीवन दर्शन बुझ्ने ऐना हो र सङ्घर्षको दस्तावेज पनि हो। वैचारिक अडानको दृढ सङ्कल्प पनि हो । जनताको लागि बाँच्ने र देशको उज्यालो भविष्यको सपना देख्ने सच्चा सपूतको सन्देश हो । साहित्यकार, पत्रकार, शिक्षक तथा राजनीतिकर्मीका लागि यो पुस्तक प्रेरणाको स्रोत बन्न सक्छ । एकजना मानिसले आफ्नो जीवनमा के कति गर्न सक्छ, त्यसको दृष्टान्त हो । प्रकाशन उपसमितिमा रहेका ऋषिराम उपाध्याय पोखरेल, रामबाबू थापा, नानीमैयाँ बिष्ट, अनिता न्यौपाने र शङ्करराज बानियाँले एउटा युग समेट्ने स्तुत्य कार्य गरेका छन्–‘स्मृतिका पानाहरू’ प्रकाशित गरेर। यस ग्रन्थले पाण्डेका साथै प्रकाशन परिवारलाई पनि अमर बनाएको छ ।

# साइनो कविताबारे सङ्क्षिप्त चिनारी



डा छायादत्त न्यौपाने ‘बगर’
सम्पर्कः ९८५११५७१९३
पेशाः लेखन, सम्पादन तथा प्राध्यापन

साइनो कविताको कान्छो उपविधा हो। यो केही समय अघि नेपालबाट शुरू भएको काव्यिक प्रयोग हो । यसको शाब्दिक अर्थ नाता–सम्बन्ध हो। यसलाई संस्कृतमा बन्धु–बान्धव र अङ्ग्रेजीमा रिलेसनशिप (relationship) भनिन्छ।

साइनो क्रमशः सात, आठ र नौ अक्षरका तीन पङ्क्तिमा लेखिन्छ । साइनोका यी तीन पङ्क्तिलाई त्रिपद र तीन शब्दगुच्छा भनी प्रयोगमा ल्याइएको छ। (व्याकरणमा पद, शब्दका लागि र काव्यमा पङ्क्तिका लागि प्रयोग हुने गरेको पाइन्छ ।)

साइनो कवितामा प्रयोग हुने अक्षर गणना चलनचल्तीको नेपाली व्याकरण र प्रयोगमा रहेको नेपाली भाषाको नियम अनुसार हुन्छ । नेपाली भाषाको लेख्य रूपलाई मानेर अक्षर सङ्ख्या निर्धारण गरिएको छ । जस्तै : पसिना टिप्ने हात = ७ अक्षर
जाँगरिला मनहरू = ८
कर्ममा फक्रन्छ जिन्दगी = ९ जम्मा २४

साइनो कविताका तीनै पद स्वतन्त्र हुन्छन् । यी तीनवटै पद अलगअलग रहेर फरकफरक अर्थ दिन सक्छन् र तीनवटै मिलेर समुच्चय अर्थ पनि दिन्छन्। जस्तै :

भत्केको छ संस्कार
उजाडिए पाखाहरू
कानून चोर शासक यी !

उक्त पहिलो पदको हाम्रो संस्कार बिग्रेको छ, राम्रो छैन भन्ने अर्थ हो । दोस्रो पदका पाखाहरू उजाड छन्, वातावरण बिग्रेको छ भन्ने अर्थ हो । तेस्रो शासक आफैं नीति नियम मिचेर अनियमित काम गर्नेलाई संरक्षण दिन्छ भन्ने हो ।

यी तीनओटैको अर्थ नेपाली संस्कार बिगारेर संस्कृतिविपरीत व्यवहारबाट निजी स्वार्थमा लिप्त रहेकालाई सरकारले नीतिनियम मिचेरै संरक्षण गरिरहेको छ भन्ने हो ।

संस्कार भत्काएर
उजाडिए पाखाहरू
कानून चोर शासक यी !

यसको पहिलो पद नै आश्रित भएर आएको छ स्वतन्त्र छैन । भत्काएर, भत्काएर के भन्ने जिज्ञासा पलाउँछ। यसरी जिज्ञासा आउँदा साइनो कविताका पद वा शब्दगुच्छा स्वतन्त्र हुँदैनन् ।

पसिना टिप्ने हात
जाँगरिला मनहरू
कर्ममा फक्रेर जिन्दगी ।

यसको तेस्रो पद हेरौं है, कर्ममा फक्रेर जिन्दगी। यहाँ पनि फक्रेर जिन्दगी भनेर भनेपछि जिज्ञासा पलाएको छ । यसर्थ यो पद पूर्ण स्वतन्त्र हुन सकेको छैन । सुन्दर साइनोका लागि पदीय स्वतन्त्रता महत्त्वपूर्ण मानिएको छ । साइनोका पदहरू स्वतन्त्र भईकन अन्तर्सम्बन्धित हुन्छन् ।

यसरी हेर्दा साइनो सात, आठ र नौ अक्षरका संरचना हुनु, स्वतन्त्र पद वा शब्दगुच्छा रहनु, नेपालबाट शुरू हुनु, छोटो संरचनामा गम्भीर भावार्थ सम्प्रेषण गर्नु यसका फरक पहिचान हुन्। साइनो कविता चिनाउने सात कुरा :

१. सबै साइनोकारको सद्भाव, सत्प्रयास र निरन्तर साधना
२. संरचनागत मान्यताको पूर्ण पालना
३. परिष्कृत भाषामा गहनभाव सम्प्रेषण गर्ने साइनो सिर्जना
४. नेपाली भाषाको चलनचल्तीमा रहेको व्यावहारिक प्रयोग (जुन हामीले गर्दै आएका छौं) र भाषिक शुद्धतामा ध्यान दिनु
५. आपसी छलफल, बहस, विमर्शबाट प्राप्त परिणाम पछ्याउनु
६. सात, आठ र नौ अक्षरी त्रिपदीय नवीन संरचना
७. प्रत्येक पदावली (शब्दगुच्छा)ले दिने स्वतन्त्र र समुच्चय अर्थ दिने भएकोले अन्तर्सम्बन्धित हुनु ।

भाषा प्रयोगको नियम अनुसार पूर्णविराम आदि चिह्नहरू यसमा पनि प्रयोग गरिन्छन् । कविताका तत्त्वहरू यसमा पनि रहन्छन्। हेरौं क्रमशः केही नमूनाहरूः

मितज्यूको साउती !
कागको जीउ छ कालो
व्यवहार छ सबै सेतो ।

गजब सेवा ढोग
छिमेकी पूजा अर्चना
जनता ठग पानीआन्द्रे ?

अब बिउँझने कि !
युवाले लिने नेतृत्व !
मौका आउँछ पर्खदैन ।

साइनोमा साथ छ
सिर्जनाको सुवास छ
नेपाली आफैं मौलिक छ !

विवेकी अनिकाल
लठैतको भीड बढ्यो
मेरो गोरुको बाऱ्है टक्का ?

खेल हिजो जस्तै छ
दास बन्ने बनाउने
किन्ने किनाउने झेल त्यो !

मनका मन चोट
बल मिच्याइँका भोट
लुलो खुट्टा आँगन खोट ?

लौ ! उम्लेर पोखियो
कस्तो नकचरो मोरो
हेर, चीसो भुइँ चाटिरा !

यौटा सिङ भाँचियो
कता लाग्छ भ्रष्ट जालो ?
अदुवा उम्रला कि मुला ??

बाटबाटै कुकुर
डोऱ्याउने हगाउने
सभ्यता रे जनता ठग्ने ?

रमाउँछ रे नेता
होडमा छ ठगचन्द्रे
निमुखा जित्ने बहादुर !

रमिते छ छिमेकी
घुस खाई मोटाउँछ
गन्जो कर्मचारी टाउको ।

मुड्छ मान्छे टाउको
कटाइदेऊ भञ्ज्याङ
नगरौं ढिलो बालौं बत्ती ।

प्याउली फुलै फूल
मनमा माया राखौं न
हुँदैन, जिन्दगीमा भुले !



समरको पहाड र बादलले ढाकेको नीलगिरि हिमालः बेनी–जोमसोम–कोरला सडक अन्तर्गत मुस्ताङको समर–भेना–झैटे खण्डको सडकबाट देखिएको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको समरको पहाड र पृष्ठभूमिमा देखिएको बादलले ढाकेको नीलगिरि हिमालको दृश्य । तस्बिरः सन्तोष गौतम/रासस

# अधिकार

(लघुकथा)



नवराज रिजाल

सम्पर्क : ९८५११३८६२४
पेशा : प्राध्यापन/पत्रकारिता

पाँच वर्षको बीचमा उसको हैसियत यसरी बढ्नुले सबैमा कौतूहल जन्माएको छ तर मौन र प्रश्नहीन छन् ।

ऊ सात वर्ष अघिदेखि यस ठाउँमा बस्न थालेको हो । विगत दुई वर्ष सामान्य तवरले बित्यो । त्यसपछिका पाँच वर्षमा उसको औकात क्रमशः बढेर चुलिँदै आइरहेको छ । टोलवालासँग त्यति उठबस र आउजाउ छैन । बिहान आठ–नौ बजे घर छाडेपछि मध्यरातमा मात्र फर्कन्छ र कहिलेकाहीं त निकै दिनसम्म पनि फिर्दैन ।

शहर भएकाले चियोचर्चो त्यति सान्हो हुन्न । सबै आआफ्नै काममा व्यस्त रहन्छन् । विगत एक वर्षदेखि ऊसँग मेरो सामान्य परिचय छ । हर घरेलु काममा संलग्न हुँदै आएको छु, तर पनि हैसियत कामदार मात्र हो ।

एक दिन मेरो घरमा खाना खाने बतायो, मैले पत्याइनँ । विश्वास दिलायो र भन्यो– "तर तिमीले घरमा सधैं जे–जस्तो खाने गरेका छौ, त्यही दिनुपर्छ । विशेष व्यवस्था हुने हो भने चाहिं आउँदिनँ," मैले विश्वस्त पारें । परिवारका साथ खाना खायौं । ऊ मेरो निष्कपट भावबाट ज्यादै खुशी भयो ।

अन्त्यमा आफ्नो पेशाबारे बतायो । धेरैको सोचाइ अनुसार नै दुई नम्बरी काममा लागेको रहेछ । नेपालबाट चरेस, अफिम, हेरोइनजस्ता लागू पदार्थहरू युरोप र अमेरिका पठाउने समूहको प्रमुख व्यक्ति भएको विचार राखेपछि मैले जिब्रो टोकेछु, ऊ हाँस्यो । मलाई डर लाग्यो । केही भन्न सकिनँ । ओहो, तपाईं त धेरैको जीवन बर्बाद गर्ने व्यक्ति पो हुनुहुँदोरहेछ, सन्तोष ? डराएरै प्रश्न राखें ।

"छु, किन नहुनु ? हाम्रो व्यापार तेस्रो विश्वका जनताका लागि हैन । त्यो त सम्पन्न र हुनेखाने देशमा गरिन्छ । तेस्रो विश्वलाई सम्पन्न देशहरूले नराम्रोसँग ठगेका र लुटेका छन् । जनताको रगत र पसिना तन्तनी पिएका छन् । हामी धर्मका नाममा, सहयोगको नाममा, महिला अधिकारको नाममा र प्रजातन्त्रको नाममा लुटिएका छौं । मलाई मेरो आजसम्मको काममा कुनै पछुतो र खेद छैन, बरु खुशी छु, उत्साहित छु अनि प्रफुल्ल छु । यतिखेर मेरो पछाडि प्रहरी लागेको छ र प्रहरीले गिरफ्तार गर्न सकेन भने पनि भोलि म स्वयम् गिरफ्तारी दिनेछु ।" उसको मुहार धपक्क बलिरहेको छ ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

मलाई मातापिताले एउटा नाम दिएका छन्, वास्तवमा त्यो नाम मेरो थिएन । मेरो जन्म त विनानामको नै भएको थियो । मातापिताले दिएको कुनै पनि नाम मेरो सच्चा नाम हैन । फेरि यो शरीर छ, यसको रूप छ, आकार छ, यी सबै मातापिताबाट नै प्राप्त भएको हो । उनीहरूकै अणुहरूले बनेर यो शरीर विकसित भयो । हुन सक्छ मेरा आँखा आमाका जस्तै होलान्, मेरो शरीरको रङ्ग बाको जस्तै होला, मलाई जेनेटिक बिमारीहरू पूर्वजको हिसाबले हुन्छ होला । मेरो कति उमेर हुन्छ भनेर मेरै दुई/तीन पुस्ताको उमेरको औसत निकालेर हेरे हुन्छ होला । साँच्चै भन्ने हो भने सबै कुरा शरीरको बारेमा निश्चित जस्तै छ ।

बच्चा स्त्रीलिङ्ग हुन्छ कि पुलिङ्गको हुन्छ भनेर पहिल्यै निश्चित भइसकेको थियो । मातापिताको अणु जब मिसिएको थियो, तब धेरै कुरा निश्चित भइसकेका थिए । शरीरको बारेमा सबैथोक भइसकेको थियो । अर्थात् यो शरीर पनि मेरो होइन । यो शरीर मेरो वास्तविक शरीर होइन । फेरि मैले शास्त्र, सिद्धान्त, धारणा तथा विचारहरू वरिपरिको परिवेशबाट ग्रहण गरें । शिक्षा प्रणाली तथा स्कूल कलेजको बारेमा उनीहरूले नै मलाई जानकारी दिए । त्यसैबाट मेरो मन निर्मित भयो । यसरी हेर्दा मेरो शरीर मातापिता तथा पूर्वजहरूको शृङ्खलाबाट प्राप्त भयो । मेरो मन मैले प्राप्त गरेको ज्ञानबाट र शिक्षाबाट आयो । ज्ञान र शिक्षा समाजका उपज हुन् । यी कुनै पनि मेरा स्वरूप होइनन् ।

संयोगले एउटा बच्चाको पालनपोषण हिन्दूको घरमा भयो । त्यसैले उसको मन हिन्दू विचारधाराको भयो । यदि जन्मिने बित्तिकै मुसलमानको बच्चालाई हिन्दूको घरमा र हिन्दूको बच्चालाई मुसलमानको घरमा पालनपोषण गर्ने हो भने उनीहरू दुवैलाई कहिल्यै थाहा हुँदैन कि उनीहरू हिन्दू हुन् कि मुसलमान ? बच्चा जसको घरमा हुर्कियो उसको धारणा त्यही अनुसार हुन्छ । मानिसको मन परिवारबाट, समाजबाट, शिक्षाबाट निर्मित हुन्छ । यो पनि हाम्रो वास्तविक स्वरूप होइन । त्यसो भए हाम्रो वास्तविकता के हो त ? म को हुँ ? भन्ने कुरा म कसरी जानूँ ? यसको लागि नाम, रूप, तन, मन, ज्ञान, विचारभन्दा पर आफूभित्र डुबुल्की लगाउनुपर्छ । यसैलाई अन्तर्यात्रा भनिन्छ । केहीबेरको लागि बाहिरसँगको सम्बन्ध छुटोस्, केहीबेरको लागि यिनीहरूलाई भुलौं र आफूभित्रको त्यो स्पेसलाई महसूस गरौं, जहाँ म अवस्थित छु । तबमात्र म आफ्नो वास्तविक निवासलाई पहिचान गर्न पाउनेछु र आफ्नो घर चिन्ने बित्तिकै मलाई याद आउने छ कि म को हुँ ?

ओशो भन्नुहुन्छ– आत्मज्ञान नभई हामी जे मान्छौं, त्यो सबै गलत हुन्छन् । जबसम्म हामी आफूलाई म आत्मस्वरूप हुँ भनेर जान्दैनौं, तबसम्म हामी अरूलाई पनि चिन्न सक्दैनौं । त्यसैले मान्नु छैन, जान्नु छ ।

जीवन आफैंमा न स्वर्ग हो, न नर्क हो, केही पनि होइन । जीवन एउटा खाली कागज अथवा कोरा क्यानवास जस्तै हो । यो क्यानवासमा हामी जस्तो रङ्ग भर्छौं, त्यस्तै आकृति बन्छ । हामी यसलाई एउटा राम्रो पेन्टिङको रूप दिन सक्छौं र नराम्रो पेन्टिङ पनि बनाउन सक्छौं । हामी यसमा खतरनाक राक्षसको चित्र बनाउन सक्छौं अथवा दिव्यस्वरूप भएका देवताहरूको चित्र बनाउन सक्छौं । जीवन एउटा कोरा कागज हो । यसमा हामी गालीहरू लेख्न सक्छौं वा गीतहरू लेख्न सक्छौं वा हामी यसलाई खाली नै छोडिदिन सक्छौं । यो पहिलेदेखि स्वनिर्मित छैन । हामी जस्तो रङ्ग भर्न चाहन्छौं, त्यस्तै रङ्ग भर्न सक्छौं, परमात्माले हामीलाई यो स्वतन्त्रता दिएको छ । मनुष्य चेतनाको गरिमा यही हो । यो जीवनलाई जस्तो बनाउनु छ, त्यस्तै बनाउन सक्छौं, यसको पूर्ण स्वतन्त्रता छ । हामी हाम्रो जीवनलाई स्वर्ग बनाउन सक्छौं अथवा नर्क बनाउन सक्छौं । तर अधिकांश अबुझ मानिसले आफ्नो जीवनलाई नर्क बनाएका छन् । जीवनलाई हामी यदि निराशाजनक दृष्टिकोणले हेर्छौं भने हाम्रो जीवन नर्क बन्न जान्छ । यदि हामी जीवनलाई आशावादी दृष्टिकोणले हेर्छौं भने स्वर्ग बन्न सक्छ । यी दुवै दृष्टिकोणभन्दा एउटा अलग दृष्टिकोण पनि छ, यसलाई हामी सम्यक दृष्टिकोण भन्न सक्छौं । सम्यक दृष्टिकोण राख्ने मानिसले मोक्ष प्राप्ति गर्छ, परमात्मामय हुन्छ, ब्रह्ममय हुन्छ । हामी एउटा त्रिकोणलाई हेरौं । तलका दुई कोण सुख–दुःख, आशा–निराशा, स्वर्ग–नर्क हुन् भने त्रिभुजमा भएको माथिको एउटा कोण दुवै कोणभन्दा पर हुन्छ । त्यहाँ न सुख छ, न दुःख छ, त्यहाँ परम शान्ति छ । क्रमशः

# सबितरी

कथा



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

यो सावित्री र सत्यवानको कथा होइन । त्यस कथामा सावित्रीले यमराजलाई परास्त गरेकी थिइन् वा महर्षि अरविन्दोको प्रेरणा बनेकी थिइन् । यो त एउटी ग्रामीण युवती सबितरीको कथा हो, जसले न यमराजलाई हराउन सकिन्, न कसैको प्रेरणा बन्न सकिन् । तर वैधव्यको पीडा र असह्य उत्पीडन सहेर सावित्री भने बनिरहिन् ।

सबितरीको बालविवाह आफ्नी दिदीसँगै एउटै परिवारको दाइभाइसँग भएको थियो । एक दिन उनको माइतीबाट आमा बितेको खबर आयो । सबितरी रुँदै–कराउँदै माइत पुगिन् । मधेसमा गौना पछि दोंगा हुने प्रचलन छ । बुहारीको असल घरजम दोंगापछि नै हुन्छ । सबितरीकी आमा बितेपछि एक वर्षसम्म दोंगा नहुने भयो । तर एक दिन उनको ससुरालीबाट एकजना मानिस कुनै खबर लिएर आयो । केही बेरपछि सबितरीका दाइले भने : सबितरी तिम्रो ससुरालीबाट बोलाहट आएको छ, जानुपर्छ । सबितरीले चकित भएर भनिन् : दोंगा नभएरै जाने ? दाइले भने त्यस्तै छ, जानैपर्छ । सबितरी आशङ्कित मन दाइको पछि लागिन् । उनको आशङ्का पुग्न नसकेको कुरा ससुरालीमा देख्नुपर्‍यो ।

उनले कोही बिमारी होला भन्ने सोचेकी थिइन्, तर यहाँ त पतिको लाश थियो । आमा मरेको खबर सुनेर माइती गएकी सबितरी त्यस्तै घटनाले यहाँ आएकी थिइन् । कस्ती अभागिनी ? गाउँका सबै मानिस जम्मा थिए । तिनकै सामुन्ने काटेको रूखसरी सबितरी पतिको देहमाथि लडेर बेहोश भइन् । जसको एक स्पर्शको लागि सासूससुराको पहरा झेलेकी थिइन् आज ती सबै पहरा ध्वस्त भएका थिए । भगवान्‌को यो लीला हेरेर सबै स्तब्ध थिए । जसको एक झलक गाउँलेले पाएका थिएनन्, उसको संतप्त अनुहार सबैको सामुन्ने थियो ।

सबितरीको सुन्दरताबारे यत्ति भन्नु पर्याप्त हुन्छ कि गाउँभरिमा ऊ जति सुन्दर कोही थिएन । गौनामा एक दिन उसका देवरले सोधेका थिए : भाभी, यो सौन्दर्य के हो ? सबैको आँखा उही ठाउँमा, नाक–कान–मुख उही ठाउँमा हुन्छ । तर सबैको सौन्दर्य किन भिन्नभिन्न हुन्छ ? यति भिन्न र उचाइ लिएको कि–जब आम्रपाली बुद्धको आश्रममा पहिलोचोटि पुगिन्, स्वयं बुद्धले सबै शिष्यलाई आँखा चिम्लने निर्देश दिनुपरेको थियो । यो सुनेर सबितरी लाजले सङ्कुचित भएकी थिइन् । त्यही सबितरी आज पति वियोगमा रुँदा उसलाई चुप गराउने केवल त्यही देवर थियो । घरका कसैलाई कुनै मतलब थिएन । सबैले उसलाई लोग्ने–टोकुई बुझ्न थालेका थिए । सबितरीसँग नै बिहे भएकै कारण पति मरेको विश्वास थियो । मधेसमा यस्तो धारणा र अन्धविश्वास अद्यतन कायम छ ।

सावित्रीलाई नारदले भनेका थिए– बिहे नगर । सत्यवानको आयु अब वर्ष दिन मात्र छ । तर मलाई त कसैले रोकेन भने म कसरी लोग्ने–टोकुई भएँ ? यदि म लोग्ने–टोकुई हुँ भने आज म प्रतिज्ञा गर्दछु म अर्को बिहे गर्दिनँ । यो त भीष्म प्रतिज्ञा नै थियो, यस कलयुगमा ।

सबितरीका दाइभाइले अर्को बिहे गर्न चर्को दबाब नदिएका होइनन् । तर सबितरी टसमस भइनन् । यमराजले भावावेशमा सावित्रीलाई 'पुत्रवती भवः' भन्ने आशीर्वाद दिएपछि सत्यवानको प्राण फर्काउनुपरेको थियो । तर यहाँ त्यस्तो कुनै आशीर्वाद थिएन । सन्तानहीन सबितरी नियति, वैधव्य र संसारका समस्त उत्पीडन सहेर पनि अटल रहिन् । उनको हैसियत घरमा नोकर्नीभन्दा पनि खराब थियो । सबै काम गर्ने र खस्रो बिटुलो खाएर निदाउने उनको जीवनचर्या बन्यो ।

दिन व्यतीत हुँदै गए । दुनियाँ परिवर्तित हुँदै गयो । सबितरी प्रौढावस्थामा पुगिन् । घरमा अंशबन्डा हुन लाग्यो । सबितरीका पति मरिसकेका थिए । अतः उनको भाग सबितरीकै हुनेवाला थियो । सबितरीको जेठाजूसँग नै उसकी दिदीको बिहे भएको थियो । जेठाजूको नियत फेरियो । अहिलेसम्म नोकरानी बनेकी सबितरीलाई उसले मेरो एउटा छोरा तिम्रो भयो, धर्मपुत्र बनाऊ र सुखपूर्वक बस भने । छोराले सबितरीको खुट्टामा ढोग्यो । सबितरीलाई मरुभूमिमा मरु–उद्यान भेटियो ।

त्यसपछि संसारमा जे हुन्छ त्यही भयो । धूर्त जेठाजूले अनपढ सबितरीको जमीन धर्मपुत्रको नाममा गरायो । शायद नियति, प्रकृति वा भगवान्‌ले पनि असहाय र कमजोरलाई नै बढी दुःख दिन्छन् ।

यसैबीच सबितरीलाई टिबी रोगले समात्यो । जेठाजूले उपचारका लागि एक रत्ति खर्च गरेन । उल्टै तिमीलाई पनि टिबी सर्छ भनेर छोरालाई आफ्नै घर ल्यायो । जेठाजूले रेखदेख गर्ने मानिस कोही छैन भने दाइभाइलाई बोलाएर सबितरीलाई माइती पठाइदियो । माइतीको हैसियत त्यति थिएन कि सबितरीको उपचार गर्न सकून् । टिबी नसरोस् भनेर सरेहमा एउटा झाप्रो बनाएर त्यहीं राखिदिए । रोगको उपचार त थियो तर उचित र नियमित उपचार नहुँदा टिबीले झन् च्याप्छ । एक दिन त्यसै झुपडीमा सबितरीको दुर्दान्त अन्त भयो ।

सबितरी तरुनी छँदा मानिस भन्थे उनको जीउमा बस्यो भने झिंगा पनि चिप्लिन्छ । उनै सबितरी आज हाडछाला मात्र भएकी थिइन् । उनको देवरले हेर्‍यो, लाश त हातले नै उचालेर मशानघाट पुर्‍याउन सकिन्छ, खट किन चाहियो ? तर खट बनाइयो । चारजनाले खट बोके, तर देवरलाई काँध पनि लगाउन दिइएन ।

सबितरीको चिता जलिरहेको थियो । त्यही ज्वालामा सबितरीको सारा वैधव्य, उत्पीडन र टिबी रोग पनि जलिरहेको थियो । सत्ययुगकी सावित्रीको कुनै पनि कुरा कलियुगकी यी सबितरीसँग मेल खाँदैन । फेरि सबितरीले बित्थामा चरित्र र सतीत्व किन बोक्नुपरेको थियो ? यो रोजाइ स्वयं सबितरीको थियो । सबितरी सधैं देवरसँग भन्ने गर्थिन्–मलाई पतिले यस कारण छोडेर गए कि म यही उत्पीडन भोगूँ । उनैलाई देखाउन म यो उत्पीडन भोगिरहेकी छु । मरेपछि उनको लोकमा पुगेर सोध्नेछु– अहिले पनि मन भर्‍यो कि भरेन ? कस्ती कलयुगकी सबितरी ? ती सावित्री पनि पति मिलनको आकाङ्क्षामा र यी सबितरी पनि उही आकाङ्क्षामा ।

# मान्छे बदलियो कि के हो !!

व्यङ्ग्य



बद्रीप्रसाद ढकाल

सम्पर्कः ९८५११९६४८६
पेशा : लेखन, सम्पादन तथा प्राध्यापन

ढुङ्गे युग, शिकारी युग, कृषि युग हुँदै औद्योगिकबाट आजको यान्त्रिक आधुनिक युगसम्म आइपुगेको मान्छे झन्झन् नाङ्गिँदैछ । अझ भनौं भने निकै बाङ्गिँदै छ । अन्तका विकसित देशमा जस्ता देखिए पनि, कस्ता–कस्ता भनेर लेखिए पनि, कति उच्च मूल्यमा जोखिए पनि, हाम्रामा भने झन्झन् गिर्दो अवस्थामा पुगेका छन् भनौं कि झन् मूल्यहीन । अन्त आफ्नो बुद्धि, विवेक लगाएर नयाँ नौलो आविष्कार गर्छन्, यहाँ चाहिं नभएको बल खर्च गरेर ध्वंस साकारतिर लाग्ने भएपछि के भन्नु ? आखिर मुढेबलमैं संसार देख्ने अनि छलछाममा उच्च मूल्य लेख्नेहरू अर्काको राम्रो देख्न पनि सक्दैनन् । आफू पनि गतिलो काम केही गर्दैनन् । नराम्रै काम गरेर आफू गिर्छन्, अरूलाई पनि गिराएरै छोड्छन् । आजको सभ्यता भनेकै बलले बुद्धिमाथि शासन गर्ने सोच बनेको छ । फेरि बुद्धिवालहरू पनि शक्ति र पैसाकै पछि लागेपछि कसको के लाग्छ ?

गाउँमा होस् कि ठाउँमा, विचारमा होस् कि भाउमा । शहरमा होस् कि रहरमा, कामधाम नगरेर बेकामेका पछि लागेकै छन् । सीधा सोझो बाटोबाट क्यै गर्न नसक्नेहरू चाकरी र चाप्लुसीमैं मस्तराम । बुद्धिजीवीहरू पनि पर्खिरहेका देखिन्छन्, धूर्तकै दाउमा । अनि आफैंलाई सर्वेसर्वाको नाममा जे पनि गर्न तम्सन्छन्, नूनचुक छर्छन्, आलो घाउमा । यो पनि त क्रूर मानवता नै हैन र ! बुद्धिलाई थान्को लगाएर, सोमरसको तन्कोमा देश विदेश घुम्छन्, अर्काको राम्रो देख्छन्, आफनो चाहिं भत्काउँछन् । यो पनि त कुसंस्कार नै हो, जे होस् हिजोका मान्छे र आजका मान्छेमा बुद्धिको तलमाथि छ, मानमा होस् या सानमा, पिउनमा होस् कि खानमा जे पनि चपाएका छन् । खान हुने नहुनेमा कुनै भेद छैन । उधार्नेदेखि छोप्नेमा केही तलमाथि छ कि छैन थाहा छैन तर बिगार्ने र भत्काउने कुरामा चाहिं तलमाथि पक्कै छ । बुद्धि होस् कि मति, इज्जत होस् कि सम्पत्ति, जसरी पनि जुटाउनै लागेका छन् अनि कसरी जोगिन्छ त नैतिकता, हे भगवान् कसलाई सोध्नु चरित्रका कुरा !

राम्रो कुराको नगण्य विकास भएपनि विकृति, विसङ्गतिको चाहिं पक्कै बाढी आएकै छ । समाज व्यक्तिव्यक्तिमा टुक्रिएकै छ, सोझासीधा चुपचाप छन्, दुष्ट–भ्रष्ट चोकचोकमा डुक्रिएकै छन् । लाज उदाङ्गिएको छ, ताज लुकेको छ । अनैतिकताले टोलटोल ग्रस्त छ, इज्जतको डर छैन, मर्यादा झन्झन् त्रस्त छ । अनि आधुनिकताको नाममा गर्न हुने र नहुने सबै कुरो गर्न थालेका छन् भने के सिक्ने नयाँ पुस्ताले ?

अझ भनौं भने शरीर प्रदर्शनले चाहिं पक्कै हाम्रो आधुनिकतालाई निखारेकै छ । अरू चन्द्रमामा टेक्छन्, हामी जुत्ता खोलेर भुइँबाट नमस्कार गर्छौं । अरू मङ्गलग्रहमा पुग्छन्, हामी मठमन्दिर पुगेर मङ्गलका लागि ग्रहशान्ति गरिरहेका छौं । अन्धविश्वासमैं विश्वास गर्छौं, यसले पनि कत्तिका रोजीरोटी चलेकै छन् । आखिर यो पनि न क्यै हो नि, आफ्नै छुट्टै पहिचान । अरू पर्यटकको भिसा लिएर देश विदेश घुम्छन्, हामी कतै गए पनि लुकीछिपी बसेर भाँडा माझ्छौं । यसैबाट पनि हामी आफ्नो अस्तित्व जोगाइरहेका छौं भन्ने कुरा थाहा भइहाल्यो । जेहोस् हामी मान्छे बन्नका लागि, अझ आफैं बाँच्नका लागि जे पनि गर्छौं कि कसो, होइन त ! अनि परिवर्तन चाहिं हाम्रो लगाममा हुनुपर्नेमा, हामी लगाम बनेका छौं । हिजोको जहानियाँ शासनदेखि पञ्चायती अनि प्रजातन्त्रदेखि गणतन्त्रले ल्याएको परिवर्तनको गुड्डी हाँक्नमा चाहिं निकै माहिर छौं । खेतबारी बाँझै छ, १६–१७ का किशोरी बलात्कारबाटै भएपनि बालिग भएकै छन्, योभन्दा खुशीको कुरो के चाहियो ? आखिर खेत हो, बाली लागिहाल्छ नि भन्यो, चिया गफमा मस्त हाँस्यो, टाइम पासको मेलो, टाइमले हामीलाई कति पास गर्‍यो, कसले गर्ने हिसाबकिताब ?

कृषिप्रधान देशले तरकारीमा समेत छिमेककै मुख ताक्नुपर्छ । मल, बीउबिजन केही आउन्न समयमा, भाषण सुनेर कहिल्यै हुन्न भाउन्न भने हामी त विश्वकै नमूनामा पर्न अब कतिबेर ! हामीले चुट्ने गफ पनि त हाम्रैलागि न हो ? अरूको फुर्सद नि छैन, फेरि कसले पत्याउने ? हामीले नै जे गरे पनि भएन भनेकै छौं, काम गरे पनि नगरे पनि, अनि जे गरेनी के मतलब । अस्पतालमा गएर डाक्टर कुटे पनि मुख छोपेर अबला लुटे पनि जोगिएकै हो क्यारे ! तातो न छारोको कुरामा उर्ले पनि आफ्नैलागि दुई/चार जना जम्मा गरेर कुर्ले पनि नाम र दाम भएकै छ भने किन दुःख गर्नु ? हैन, यो गणतन्त्र भन्या चाहिं फटाहाहरूकै मात्र राज हो कि, के हो ? कसले के गर्छ काम भन्नुहोला फेरि । खाडीमा जानेलाई सोध्दा हुन्छ, गाडीमा हुइँकिनेलाई होइन नि !

यो परिवर्तन भन्या चाहिं जसलाई जे गर्न पनि छुट हो कि क्या हो, मैले त केही बुझ्नै सकिनँ । अर्काको बिगार्न, अरूलाई सिङ्गार्न या स्वतन्त्रताको नाममा तहसनहस पार्नु भनेकै परिवर्तन हो त ? कानूनको खिल्ली उडाउन, मान्छेलाई सिल्ली बनाउन, हल्लीखल्ली मचाउनलाई नै स्वतन्त्रताको अर्थ या परिभाषा बुझ्ने भएपछि प्रजातन्त्र आओस् कि गणतन्त्र निरङ्कुशताको अन्त्य भन्नु चाहिं फतुरका कुरा भए । अझ गजबको कुरा जनता महँगीको मारमा यसरी मिचिंदा पटकपटक थिचिंदा पनि कोही बोल्दैन । सबै मिलेरै पचाएकै पो छन् कि, कसो ?

हाम्रै स्वतन्त्रता कि लोकतन्त्र, गणतन्त्र जे आए नि मान्छेबाट असल मानिस, मानव, महामानव कहिले बन्ने होइन क्यारे ! बाँचुन्जेल खराब भने पनि मरेपछि चाहिं देउतै बनाउने न हो । व्यवहारले झन्झन् अनैतिक, अराजक, गतिहीन, मतिहीन पो बन्दैछौं त । अनि सोचाइ चाहिं १८औं शताब्दीको स्वरूप मात्र २१औंको भएपछि घोडा र गधाको कसबाट जन्मेको खच्चर भनेर चिन्नु । सधैंजस्तो नेताकै भारी बोक्न, स्वस्ति गरेर धनुष्टङ्कार भएर ढोग्नकै लागि बनाइएको जस्तो । यही हातले अब गलत गर्नेलाई ठोक्न सक्ने चाहिं बनाउनैपर्छ कि ! विश्वमा वीर भनेको त भूपिले भनेजस्तै बुद्ध पो हो कि, आफैंलाई छामेर भन्नुपर्ने पो भो लौ । हाम्रो बोली, व्यवहार, संस्कार त निकै चाम्रो हो, बाँच्नकै लागि जहाँ पनि थुतुनो गाड्ने, खाए पनि नखाए पनि उग्राइरहने अन्त्यमा नाम मात्रको मान्छे भनेर चिनिनेछौं कि विश्वमा, डर पो लाग्न थाल्यो त !

व्यवस्था परिवर्तन होस्, नहोस् मान्छे जहिले पनि उस्तै, आफूलाई कहिल्यै बदल्न नसकेपछि टन्न मदिराले लट्ठ परेको साँढे, त्यो पनि टुँडिखेलमा छोड्याजस्तो देखिनुमा पनि गर्वबोध भएकै छ । जे पनि गर्ने, कुरा पुरानै, बानी पुरानै, संस्कार पुरानै, सभ्यता पुरानै, सोच पुरानै भएपछि व्यवस्थाको नयाँ खोल ओढेर के हुनु ? मुसो बाघ बनेको कथाजस्तै पाँच वर्षमा सुध्रिन खोज्यो फेरि उही पुनर्मुसीको भवको कथाले के होला त ?

अब त फेरिनुपर्छ भन्ने अनि विश्वास पनि नगर्ने । व्यवस्थाको खोल चाहिं नयाँ ओढेर नौलो देखिन खोज्नेको स्वरूप देखिन प्रयत्न गर्नुपर्‍यो नि ! कहिले नयाँ देखिने, स्वतन्त्रताको अर्थ बिगार्ने र भत्काउने मात्र होइन, बनाउने मगजले म छोडेर कहिले हामी बुझ्ने ? यथार्थको धरातलमा मान्छे–मान्छेबीच घृणा गर्ने र गरिने व्यवहारको न किताबमा मात्रै अन्त्य भएकै बखत समानता भन्ने कुरो कन चाहिं परिवर्तनले ल्याउला, त्यसैले अब साँच्चै परिवर्तन हुनुपर्छ । मान्छेको सोचाइ परिवर्तन नभईकन जुनसुकै तन्त्र आए पनि जे जस्तो बनाउने मन्त्र आए पनि हातमा लाग्यो शून्य नै हुन्छ । अब न वैज्ञानिकहरूले दिमाग, अनि त्यसको पाटपुर्जामा विचार परिवर्तन गर्न सक्ने औषधि इन्जेक्शन बनाउनुपर्ने भइसक्यो त्यो पनि छुट्टै, विशेष हाम्रोलागि कि कसो ! नत्र बाह्र वर्ष रामायण पढाए पनि सीता कसकी जोई त हो ।

## अन्तर्राष्ट्रिय समाचार

# बैंकहरूले रिजर्भमा राख्नुपर्ने रकम घटाएर ऋण प्रवाहलाई बढावा दिंदै चीन

बेइजिङ, ११ असोज/एएफपी

चीनले शुक्रवार बैंकहरूले रिजर्भमा राख्नुपर्ने राशि कटौती गर्दै वित्तीय बजारमा करीब एक खर्ब ४२ अर्ब ६० करोड डलर तरलता प्रवाह गरेर आफ्नो कमजोर अर्थतन्त्रलाई बढावा दिने प्रयास गरेको छ।

चीनको केन्द्रीय बैंकले घोषणा गरेको यो कदम राष्ट्रपति सी जिनपिङसहित शीर्ष अधिकारीहरूले विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा 'नयाँ समस्याहरू' भएको स्वीकार गरेको एक दिनपछि आएको हो।

बेइजिङले यो साता आफ्नो कमजोर अर्थतन्त्रलाई बढावा दिन विभिन्न उपाय घोषणा गरेको छ। यसका लागि उसले यस वर्ष पाँच प्रतिशतको वृद्धिको लक्ष्य राखेको छ। विश्लेषकहरूले धेरै प्रतिकूल परिस्थितिहरूलाई हेर्दा यो लक्ष्य अत्यन्त आशावादी भएको बताएका छन्।

सत्तारूढ कम्युनिस्ट पार्टीले बिहीवार 'वर्तमान आर्थिक स्थितिको विश्लेषण र अध्ययन' गर्न आफ्नो शीर्ष निकाय पोलिटब्युरोको बैठक बोलायो।

बेइजिङले शुक्रवार सात दिने रिभर्स रेपो दरमा पनि कटौती गऱ्यो। यो व्यापारिक ऋणदाताहरूबाट लिइने ऋणमा केन्द्रीय बैंकले तिर्ने अल्पकालीन ब्याज हो।

केन्द्रीय बैंकले प्रमुख दरलाई १.७ प्रतिशतबाट घटाएर १.५ प्रतिशत बनाएको घोषणा गऱ्यो।

रियल स्टेट क्षेत्रमा लामो समयदेखि चलिरहेको ऋण सङ्कट, सुस्त घरेलु उपभोग र उच्च युवा बेरोजगारीका कारण चीनको विकासमा गिरावट आइरहेको छ।

"अर्थतन्त्रको विद्यमान अवस्थामा केही नयाँ परिस्थिति र समस्या देखा परेका छन्"–सिन्ह्वा समाचार समितिले बिहीवारको पोलिटब्युरो बैठकपछि भनेको छ–"हामीले वर्तमान आर्थिक अवस्थालाई व्यापक, वस्तुनिष्ठ र शान्तरूपमा हेर्नुपर्छ, कठिनाईहरूको सामना गर्नुपर्छ र आत्मविश्वास बढाउनुपर्छ।"

पोलिटब्युरो सदस्यहरूले अर्थतन्त्रको प्रवर्द्धन गर्ने उद्देश्यले 'नीतिगत उपायहरूको केन्द्रीयता र प्रभावकारितामा थप सुधार गर्न' आवश्यक रहेको कुरामा सहमति जनाए।

प्रमुख दर कटौती र आवास खरीदलाई प्रोत्साहित गर्ने नीतिहरू समावेशसहितका बेइजिङले घोषणा गरेका विभिन्न उपायलाई लगानीकर्ताहरूले स्वागत गरेका छन्। साङ्घाई र हङकङका सेयरहरूमा यस साता हालसम्म नौ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ।

विश्लेषकहरूले नेताहरूले पाँच प्रतिशत वृद्धि लक्ष्य हासिल गर्न अझै धेरै काम गर्नुपर्ने आवश्यकता रहेको तर हालैका घोषणाहरूले उनीहरू अझै साहसी कदमहरू चाल्न तयार हुँदै गएको हुन सक्ने बताएका छन्।

"बेइजिङ अन्ततः आफ्नो बाजुका प्रोत्साहन कार्यक्रम शुरू गर्न दृढ देखिन्छ"–नोमुराका प्रमुख चीन अर्थशास्त्री टिङ लूले भने–"अर्थतन्त्रको गम्भीर स्थितिको बेइजिङको स्वीकारोक्ति र टुक्रामा विभक्त दृष्टिकोणमा सफलता नभएको कुरालाई बजारले महत्त्व दिनुपर्छ।"

यसैबीच अधिकारीहरूले मुलुकका ठूला सरकारी बैंकहरूमा एक खर्ब ४० अर्ब डलरभन्दा बढी लगानी गर्नेबारे विचार गरिरहेको ब्लुमबर्गले बताएको छ। सन् २००८ को विश्वव्यापी आर्थिक सङ्कटपछि यस प्रकारको पहिलो ठूलो पूँजी लगानी हुनेछ।

व्यवसायहरूलाई ऋण दिन बैंकहरूलाई अझ बढी क्षमता प्रदान गर्ने उद्देश्यसहितको यो उपाय विशेषगरी 'नयाँ विशेष सार्वभौम बन्ड' जारी गरेर कार्यान्वयन गरिने बताइएको छ। यद्यपि विवरणलाई अहिलेसम्म अन्तिम रूप दिइएको छैन। रासस

# भारतमा सात वर्षीय बालकको बलि

लखनऊ (भारत), ११ असोज/एएफपी

एउटा सार्वजनिक विद्यालयमा सौभाग्य ल्याउने उद्देश्यले गरिएको कथित अनुष्ठानमा एक सात वर्षीय बालकको बलि चढाएको आरोपमा पाँचजनालाई पक्राउ गरिएको प्रहरीले शुक्रवार जनाएको छ।

प्रसिद्ध ताजमहल नजीकैको हाथरस शहरमा रहेको छात्रावासमा आफ्नै ओछ्यानमा पीडित बालकलाई आइतवार राति मृत फेला पारिएको थियो।

अधिकारीहरूलाई सूचित गर्नुको सट्टा विद्यालयका निर्देशक दिनेश बघेलले शवलाई आफ्नो कारको डिक्कीमा लुकाएर राखेको प्रहरीले बताएको छ।

प्रहरी अधिकारी हिमांशु माथुरले बघेलका पिताले आयोजना गरेको कालो जादु (तान्त्रिक विधि) समारोह अघि नै बालकको हत्या गरिएको बताए। "बालकलाई अनुष्ठानको हिस्साका रूपमा वेदीमा लैजाने योजना थियो तर समारोह पूरा हुनुभन्दा अघि नै उनलाई मारियो"–उनले भने।

माथुरका अनुसार बघेल र उनका पितासहित विद्यालयका अन्य तीन शिक्षकलाई पक्राउ गरिएको छ।

बालकको मृत्यु कसरी भयो भन्नेबारे माथुरले कुनै जानकारी दिएनन्। स्थानीय सञ्चारमाध्यमहरूले शवको परीक्षण भइरहेको बताएका छन्।

भारतको राष्ट्रिय अपराध रेकर्ड ब्युरोका अनुसार सन् २०१४ देखि सन् २०२१ को बीचमा मुलुकभर १०३ मानव बलिका घटना दर्ता भएका छन्।

अनुष्ठानमा गरिने हत्याहरू सामान्यतया देवताहरूलाई प्रसन्न पार्न गरिन्छ। बोक्सी र गुप्त विद्यामा विश्वास व्यापक भएको आदिवासी तथा दुर्गम क्षेत्रहरूमा मानव बलि बढी प्रचलित छ।

गत वर्ष प्रहरीले सन् २०१९ मा ६४ वर्षीया महिलाको हत्याको आरोपमा पाँच जनालाई पक्राउ गरेको थियो। ती महिलाको भारतको सुदूर उत्तरपूर्वी क्षेत्रमा एक मन्दिरमा गएपछि हत्या गरिएको थियो र टाउको छिनालिएको थियो।

प्रहरीका अनुसार आरोपित मुख्य व्यक्तिले आफ्नो भाइको मृत्युको वार्षिकोत्सव मनाउन धार्मिक अनुष्ठान गरिरहेको थियो। रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | उदरपीडा | वृष | विजय |
| मिथुन | धनखति | कर्कट | भाग्योदय |
| सिंह | बेचैनी | कन्या | मनोरञ्जन |
| तुला | कर्मप्राप्ति | वृश्चिक | राज्यभय |
| धनु | वादविवाद | मकर | यात्रालाभ |
| कुम्भ | अलमल | मीन | चोरभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# साम्प्रदायिक द्वन्द्वमा ३७ जनाको मृत्यु

पेशावर, ११ असोज/एएफपी

पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा जारी साम्प्रदायिक झडपमा परी मृत्यु हुनेको सङ्ख्या कम्तीमा ३७ पुगेको स्थानीय अधिकारीले शुक्रवार जानकारी दिएका छन्। झडपका घटनामा १५० भन्दा बढी घाइते भएका छन्।

पहिले अर्ध–स्वायत्त क्षेत्र रहेको कुर्रम जिल्लामा इस्लामको सुन्नी र शिया सम्प्रदायसँग सम्बन्धित जनजातिबीच रक्तपातपूर्ण मुठभेड हुने गरेको छ। यहाँ वर्षौंदेखिको जातीय लडाइँका कारण सयौंले ज्यान गुमाएका छन्।

जुलाईमा भएको झडपमा ३५ जनाको मृत्यु भएको थियो र जिरगा (आदिवासी सङ्गठन) ले युद्धविरामको आह्वान गरेपछि मात्र समाप्त भएको थियो।

कुर्रममा तैनाथ एक अधिकारीले नाम नबताउने शर्तमा एएफपीलाई बताए अनुसार सुरक्षा बल र स्थानीयले सहमतिका लागि गरेको प्रयासका बावजूद जिल्लाका १० क्षेत्रमा सशस्त्र भिडन्त जारी छ।

उनले भने–"भूमि विवादको रूपमा शुरू भएको घटना पूर्ण साम्प्रदायिक झडपमा परिणत भएको छ जसमा स्वचालित र अर्ध–स्वचालित हतियारका साथै मोर्टार पनि प्रयोग भएको छ।

उनका अनुसार ३७ जनाको मृत्यु भएको छ भने १५३ जना घाइते भएका छन्। प्रान्तीय राजधानी पेशावरमा तैनाथ सुरक्षा अधिकारीले झडपका क्रममा २८ घरमा क्षति पुगेको बताए। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



त्रिशूली नदीमा फसेका टिपरहरूः गोरखाको गण्डकी गाउँपालिका–१ बुट्टारमा निर्माणाधीन १०० मेगावाटको सुपर त्रिशूली हाइड्रो पावर निर्माण कार्यमा लागेका तीनवटा टिपर, दुईवटा स्काभेटर र एउटा लोडर शुक्रवार पानीको बहाव बढेपछि नदीको बीचमैं फसेको छ। तस्बिरः हीरलाल गुरुङ/रासस

# सिमरामा पर्यटन दिवस मनाइयो

प्रस, परवानीपुर, ११ असोज/

हरेक वर्ष सेप्टेम्बर २७ का दिन मनाइने विश्व पर्यटन दिवस बाराको सिमरामा पनि मनाइएको छ। सिमरा विमानस्थलमा आयोजना भएको कार्यक्रममा काठमाडौंबाट सिमरा र सिमराबाट काठमाडौं आउजाउ गर्ने पर्यटकहरूलाई खादा, रुद्राक्षको माला लगाएर सम्मान गरिएको थियो। नेपाल एशोसिएशन अफ टुर एन्ड ट्राभल एजेन्सी मधेस प्रदेशले कार्यक्रमको एउटै उद्देश्य आन्तरिक वा बाहिरी पर्यटकलाई मधेस प्रदेशमा भगवान् सरह मानेर सम्मान गर्नु रहेको जनाएको छ।



कार्यक्रममा मधेसमा पर्यटक बढाउन सबैले सहयोग गर्नुपर्नेमा वक्ताहरूले जोड दिएका थिए। मधेसमा पर्या पर्यटनसँगै, धार्मिक, आर्थिकलगायत पर्यटकीय गन्तव्यको पहिचान गरी पर्यटनलाई सहज र सरल किसिमले मौलिकपनमा रमाइलो गर्ने वातावरण दिएपछि मात्रै पर्यटनको सम्भावना बढ्ने वक्ताहरूले बताएका थिए। पर्यटन र पाहुनाबीचको सम्बन्ध अहम् भएकोले सबैले पाहुनाको आदर सत्कार कसरी गर्नेबारेमा होटल व्यवसायी एवं अन्य पर्यटनकर्मीले ध्यान दिनुपर्नेमा वक्ताहरूको जोड थियो।

तीनवटै सरकारले पर्यटनको विकास, प्रवर्द्धन र संरक्षणमा पहल र योगदान दिनुपर्नेमा जोड दिइएको थियो। मधेस प्रदेश सरकारको पर्यटन कार्यालय वीरगंजको आर्थिक सहयोग एवं होटल तथा पर्यटन व्यवसायी सङ्घ सिमराको आयोजनमा कार्यक्रम भएको थियो।

नेपाल एशोसिएशन अफ टुर एन्ड ट्राभल एजेन्सी मधेस प्रदेशका अध्यक्ष एवं जीतपुरसिमरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष मोहन शर्माको अध्यक्षतामा भएको कार्यक्रममा सिमरा विमानस्थलका प्रमुख सूर्यबहादुर खत्री, पर्यटन कार्यालय वीरगंजकी प्रमुख बबिता जैसवाल, होटल तथा पर्यटन व्यवसायी सङ्घ बाराका कार्यवाहक अध्यक्ष शम्भु खड्गी, बुद्ध तथा यति एयरलाइन्स, सुरक्षा निकायका प्रतिनिधिहरूको सहभागिता थियो।

# टेन्ट हाउसमा आगलागी लाखौंको क्षति

प्रस, महोत्तरी, ११ असोज/

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–२ स्थित मदरसा टोलमा रहेको खुश्बु टेन्ट हाउसको स्टोरमा शुक्रवार अपराह्न १२ बजेतिर भीषण आगलागी हुँदा लाखौं रुपैयाँ बराबरको क्षति भएको छ। विपति साहको घरमा सटर भाडामा लिएर सञ्चालित टेन्ट हाउसको गोदाममा आगलागी भएको हो। आगलागीको सूचना पाउने बित्तिकै नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयवासीहरूको समन्वयमा आगो नियन्त्रणमा लिन सकिएको थियो।

जलेश्वर नगरपालिकाबाट आएको वारुण यन्त्र अपर्याप्त भएपछि मटिहानी र रामगोपालपुर नगरपालिकाबाट थप वारुण यन्त्र मगाइ आगो निभाइएको थियो। खुश्बु टेन्ट हाउसका सञ्चालक अरविन्द साहका छोरा सत्यम साहका अनुसार आगलागीको कारण अझै खुल्न



सकेको छैन। उनले बिहान ११:३० सम्म सबै सामान्य रहेको बताए। तर स्टोर पछाडिको जग्गाबाट अचानक आगो देखिएपछि स्थिति नियन्त्रण बाहिर गएको हो। पाँचवटा ग्यास सिलिन्डरमध्ये दुईवटा सिलिन्डर विस्फोट हुँदा आगोले उग्ररूप लिएको थियो।

घटनास्थलमा नगरप्रमुख सुरेश साह सोनार, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने र जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रउ नकुल पोखरेल तथा प्रनाउ सन्तुलालप्रसाद जैसवारले घटनाको स्थलगत निरीक्षण गरेका थिए।



टपरी बुन्न सिक्दै विद्यार्थीः दाङको घोराही उपमहानगरपालिका–१८ स्थित श्री माध्यमिक विद्यालय रझेनामा शुक्रवार बुक फ्री डे अन्तर्गत कक्षा ७ र ८ का छात्राहरूलाई नेपाली परम्परागत सीप सिकाउन सालको पातको दुना र टपरी बनाउन सिकाइँदै। तस्बिरः कुलदीप न्यौपाने/रासस

# अविरल वर्षाले पर्साका दर्जनौं स्थान डुबानको खतरामा

प्रस, परवानीपुर, ११ असोज/

अविरल वर्षाका कारण पर्सा जिल्ला उच्च जोखिममा रहेको भन्दै जल तथा मौसम पूर्वानुमान महाशाखाले जानकारी गराएसँगै जिल्लामा व्यवस्थापनको तयारीका प्रयास शुरू भएको छ।



उद्धार कार्यको लागि घडीअर्वा पोखरीमा तयारी गर्दै सशस्त्र प्रहरी। तस्वीरः फाइल

जिल्ला प्रशासन कार्यालय, पर्साले बिहीवार साँझ विज्ञप्ति जारी गर्दै आगामी केही दिन अविरल वर्षा हुने सम्भावना रहेकोले सरोकारवालाहरूलाई सतर्कता अपनाउन आग्रह गरेको थियो। प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक दिनेशसागर भुसालले पर्साका विभिन्न खोलाका किनार एवं आसपासका क्षेत्रलाई जोखिम पहिचान गरी तयारीको लागि सुरक्षाकर्मी र अन्य तयारी भइसकेको बताएका छन्।

पर्सामा करीब ३८ ठाउँ जोखिममा रहेको भन्दै उद्धारका लागि जनपद तथा सशस्त्र प्रहरी र नेपाली सेना यस कार्यमा सहभागी हुने जनाइएको छ। यसैगरी, अन्य राहत तथा उद्धार कार्यमा गैरसरकारी संस्थाहरूलाई समेत तयारी अवस्थामा राखिएको उनले बताए।

पर्साका सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालका अनुसार जिल्लाको पोखरिया र वीरगंजस्थित चिनीमिल गणमा १५/१५ जना तालीमप्राप्त उद्धार टोली तयारी अवस्थामा छन्। थप आवश्यकता भएको अवस्थामा थप सुरक्षाकर्मी परिचालन गर्नेसमेत उनले बताए। तीनवटै निकायका करीब एक हजार सुरक्षाकर्मीलाई तयारी अवस्थामा राखिएको उनले बताए।

पर्साका श्रीसिया, भेडाहा, बङ्गरी, तिलावे, सिंगाही, सिकटा, ओरियालगायत खोलाको जलस्तर बढेर आसपासका गाउँबस्ती डुबान पर्ने भएकाले सो क्षेत्रका जोखिम क्षेत्रलाई मापन गरी सुरक्षा निकायले सतर्कता अपनाउन स्थानीयस्तरबाट पनि काम गरिरहेको उनले बताए।

उद्धार गरी अन्य ठाउँमा स्थानान्तरण गर्ने अवस्था आयो भने गाउँघरका अस्पताल, विद्यालय, कलेजलगायतका सुरक्षित स्थानमा स्थानान्तरण गरी सुरक्षा प्रबन्ध मिलाउने जिल्ला विपद् व्यवस्थापन समितिको तयारी रहेको उनले जानकारी गराएका छन।

**बाराको पसाहा आसपासका क्षेत्रमा उच्च सतर्कता**

बारा जिल्लाको क्षेत्र भएर बग्ने पसाहा खोलाको किनार आसपासका क्षेत्रलाई उच्च सतर्कतामा राखिएको छ। शुक्रवार अपराह्न ४ बजेर २० मिनेटपछि अविरल वर्षाका कारण पसाहा खोलाको महेशपुर जलमापन केन्द्रमा जलसतहले सतर्कता तह पार गरेको र बढ्दो क्रममा रहेकोले नदी तटीय क्षेत्र र डुबान भइरहने होचा भूभागहरूमा बसोबास गर्ने स्थानीयहरूलाई भोलि शनिवार बिहानसम्म उच्च सतर्कता अपनाइराख्न जल तथा मौसम पूर्वानुमान महाशाखाले सचेत गराएको छ।

यसैगरी, बाराको विपद् व्यवस्थापन समितिले बाराका अन्य जोखिमयुक्त क्षेत्रमा उच्च सतर्कता अपनाउन मातहतका सुरक्षा युनिटलाई निर्देशन दिएको जनाएको छ। जिल्ला विपद् व्यवस्थापन समिति बाराका एकजना सदस्यले नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरीलगायतका तालीमप्राप्त सुरक्षाकर्मीबाट विपद् उद्धार तथा राहत व्यवस्थापनको लागि तयारी गरेको बताएका छन्।

## ८० जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ११ असोज/

प्राइम कमर्शियल बैंक लिमिटेडको वार्षिकोत्सवमा शुक्रवार आयोजित रक्तदान कार्यक्रममा आठजना महिलासहित ८० जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।

बैंकको आदर्शनगर शाखा, वीरगंजमा आयोजित रक्तदान कार्यक्रममा मेघनाथ सोनार, बिन्दु देवी, मर्यादा थापा, रीता साह, कृष्ण कानू, अर्जुन चौधरी, दीपेश खड्का, पवन लम्साल, सुधीर पण्डित, अकलेश कुर्मी, कर्तव्यसिंह क्षत्रीलगायतले रक्तदान गरेका प्राविधिक कुशवाहाले बताए।



**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |




## करेन्ट लागेर वृद्धको मृत्यु

प्रस, पंचगावाँ, ११ असोज/

सखुवाप्रसौनी गाउँपालिकामा करेन्ट लागेर बिहीवार राति एकजनाको मृत्यु भएको छ। सखुवाप्रसौनी गापा–१ सखुवनिया बस्ने ६२ वर्षीय विश्वनाथ चौधरीको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ।

हिजो राति ९ बजे बल्ब बाल्न स्वीच थिच्ने क्रममा करेन्ट लागेर घाइते भएका चौधरीको उपचारको क्रममा शुक्रवार बिहान ३ बजे मृत्यु भएको थियो। करेन्ट लागेर घाइते चौधरीलाई नारायणी अस्पताल लगिएको र त्यहाँ उपचारको क्रममा आज बिहान मृत्यु भएको चिकित्सकले बताए।

**शिक्षा ...**

समाजमा एकल महिलाहरूले पुऱ्याएका योगदानको कदर र सम्मान गर्नुपर्ने बताए। प्रतिष्ठानका अध्यक्ष अरविन्द सिंहले एकल महिला मिश्रले लामो समयदेखि वीरगंज महानगर–३२ टेढामा विद्यालय स्थापनाका लागि जग्गादान गरी भौतिक संरचना निर्माणलगायतमा योगदान पुऱ्याएकीले सम्मान गरिएको बताए।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य सङ्घ मधेस प्रदेशका पूर्वअध्यक्ष गणेश लाठ, नेपाल चिकित्सक सङ्घ पर्साका उपाध्यक्ष डा नीरज सिंह, शिक्षक महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादव, नेपाली काङ्ग्रेसका स्थानीय नेता जीतेन्द्रपुरुष ढकाल, ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालालगायतले शुभकामना व्यक्त व्यक्त गरेका राजन श्रीवास्तवले बताए।

# खेलकूदको संसार

## धरानमा खुल्ला ब्याडमिन्टन प्रतियोगिता हुने

धरान (सुनसरी), ११ असोज/रासस

धरानमा पहिलोपटक राष्ट्रिय खुल्ला ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ। धरान ब्याडमिन्टन क्लबले शुक्रवार पत्रकार सम्मेलन आयोजना गरी यही असोजको १७ देखि १९ गते तीन दिनसम्म ब्याडमिन्टन प्रतियोगिता हुने जानकारी दिएको हो।

आयोजक समितिका संयोजक टङ्कबहादुर लिम्बूका अनुसार प्रतियोगितामा ७७ वटै जिल्लाका दुई सय टीमका छ सय खेलाडी सहभागी हुनेछन्। सुरक्षा निकायका तीनवटा विभागीय टोलीसमेत सहभागी हुने उनले बताए।

उनले भने, "खेलको माध्यमबाट आपसी भाइचारा, सद्भाव वृद्धि, साथै धरानको खेल र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता गर्न लागिएको हो।" यस्ता प्रतियोगिता हुन नसक्दा युवा प्रतिभा पलायन भई सक्षम खेलाडी उत्पादनमा कमी आएको उनको भनाइ छ।

प्रतियोगितामा खुल्ला पुरुष डबलतर्फका विजयी जोडीलाई रु एक लाख १५ हजार नगद पुरस्कार, उपविजेताले रु ५५ हजार र तेस्रो हुने जोडीले रु ३० हजार नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

खुल्ला 'भेट्रान्स ४५ 'प्लस', 'सुपर भेट्रान्स ५५ प्लस' र 'लेडिज डबल्स', 'मिक्स डबल्स'का विजेताले रु ६५ हजार, उपविजेताले रु ३३ हजार र तेस्रो हुनेले रु ११/११ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने संयोजक लिम्बूले बताए।

प्रतियोगितामा राष्ट्रिय रेफ्री तथा प्रशिक्षक केदार धिमाल प्रमुख निर्णायक रहने बताइएको छ। टीम दर्ता शुल्क खुल्ला मेन्स डबल, भेट्रान ४५ प्लस, सुपर भेट्रान ५५ प्लसका प्रतियोगीका लागि रु तीन हजार, मिक्स डबलका लागि रु अढाई हजार र खुल्ला लेडिज डबलका प्रतियोगीका लागि रु दुई हजार निर्धारण गरिएको धरान ब्याडमिन्टन सङ्घले जनाएको छ।

प्रतियोगिता धरान उपमहानगरपालिका–१३ अमर सेवा समाजको कभर्ड हलमा हुने आयोजकले जनाएको छ। प्रतियोगिता सञ्चालनमा रु २२ लाखभन्दा बढी खर्च हुने अनुमान आयोजकको छ। प्रतियोगितामा कोशी प्रदेश खेलकूद परिषद्ले रु आठ लाख, धरान उपमहानगरपालिकाले रु डेढ लाख, विभिन्न वित्तीय सङ्घसंस्था र प्रायोजकबाट रकम सङ्कलन गरिएको आयोजकले जनाएको छ।

## नेपाल बहराइनसँग पराजित

काठमाडौं, ११ असोज/रासस

एफसी यू–२० एशियन कप छनोट अन्तर्गतको समूह चरणको खेलमा नेपाल बहराइनसँग पराजित भएको छ। चाइनिज ताइपेस्थित न्यु ताइपे सिटीमा शुक्रवार भएको छनोट प्रतियोगिता अन्तर्गत समूह 'बी'को आफ्नो अन्तिम खेलमा नेपाल बहराइनसँग ०–४ गोलअन्तरले पराजित भएको हो। यस हारसँगै अर्को वर्ष चीनमा आयोजना हुने एएफसी यू–२० एशियन कपमा छनोट हुने नेपालको सपना समाप्त भएको छ।

नेपालले चार खेलमा तीन अङ्क मात्र जोडेको छ। पहिलो खेलमा कम्बोडियासँग ४–१ गोलअन्तरले पराजित भएको नेपालले दोस्रो खेलमा चाइनिज ताइपेईलाई ३–१ गोलअन्तरले पराजित गरेको थियो। त्यसैगरी, तेस्रो खेलमा उज्बेकिस्तानसँग नेपाल ६–० गोलअन्तरले पराजित भएको थियो।

यस जीतसँगै बहराइनको अघिल्लो चरण प्रवेशको सम्भावनामा भने बाँकी नै छ। बहराइनले अब तालिकाको शीर्ष स्थानमा रहेको उज्वेकिस्तानको सामना गर्नेछ। बहराइनले आज खेलको पहिलो हाफमा दुई गोल गऱ्यो भने खेलको दोस्रो हाफमा पनि दुई गोल थप्यो।

समूह 'बी'मा नेपालसहित उज्बेकिस्तान, बहराइन, चाइनिज ताइपेई र कम्बोडिया छन्। सन् २०२५ मा हुने एएफसी यू–२० एशियन कप छनोटमा कुल ४५ राष्ट्रको सहभागिता छ। जसलाई विभिन्न १० समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहको विजेता र उत्कृष्ट पाँच उपविजेता यू–२० टोली एशियन कपमा छनोट हुनेछन्।

## हस्तकला सामग्री उत्पादन तालीम सम्पन्न

प्रस, वीरगंज, ११ असोज/

इलम/हेल्भेटासको आर्थिक सहयोगमा आमा नेपाल फाउन्डेशन तथा वीरगंज नेपाल बिजनेश कन्सल्टेन्सीको संयुक्त आयोजनामा महिला उद्यमशीलता तथा महिला स्वरोजगारको लागि सञ्चालित १५ दिने निशुल्क हस्तकला सामग्री उत्पादन तालीम शुक्रवार सम्पन्न भएको छ।



फाउन्डेशनकी अध्यक्ष प्रमिता मानन्धरले भदौ २७ गतेदेखि सञ्चालित १५ दिने तालीममा सहभागी महिलाहरूलाई मकैको खोस्टा तथा बाँसको चोयाबाट निर्मित फूल, फूलका बुके, फूल राख्ने बास्केट तथा ढक्कीका सामग्रीहरू बनाउन सिकाएको बताइन्। उनले स्थानीय स्रोत साधन तथा खेर गइरहेका वस्तुबाट आर्थिक उपार्जन गर्न महिला स्वरोजगारको लागि फाउन्डेशनको प्रयासमा इलम/हेल्भटासको आर्थिक सहायता रहेको बताइन्।

समाजसेवी उषा शाहले महिलाहरूले निर्माण गरेका हस्तकला सामग्रीको बजारीकरणको लागि वीरगंज उद्योग वाणिज्य सङ्घले सहयोग गरेर महिला स्वरोजगार कार्यक्रमलाई बढावा दिनुपर्ने धारणा राखिन्।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले महिला स्वरोजगार विकासको लागि सङ्घ आवश्यक सहयोग गर्न तत्पर रहेको बताए। उनले यसबारेमा आवश्यक छलफल गरी बजारीकरणको व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गरे। उनले फाउन्डेशनलाई सङ्घबाट आयोजना प्रदशर्नीमा निश्शुल्क स्टलको व्यवस्था गर्ने बताए।

कार्यक्रममा मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता सुरेन्द्रकुमार महतो, मधेस विश्वविद्यालयका उपकुलपति प्राडा दीपक शाक्य, वीरगंज नेपाल बिजनेश कन्सल्टेन्सीका प्रबन्ध निर्देशक सुनीलकुमार साहले तालीममा सहभागी महिलाहरूलाई प्रमाणपत्र वितरण गरेका थिए।

## फरार सूचीका सातजना पक्राउ

प्रस, पंचगावाँ, ११ असोज/

पर्सा प्रहरीले कुटपिट मुद्दामा पर्सा जिल्ला अदालतबाट जनही रु २४० जरिवाना भएपछि सो जरिवाना नतिरेर फरार सूचीमा रहेका पटेर्वासुगौली गाउँपालिका–५ का सातजनालाई पक्राउ गरेको छ।

प्रहरी सहायक निरीक्षक नरेन्द्र पौडेल नेतृत्वको प्रहरी टोलीले हिजो पटेर्वासुगौली–५ निवासी ७० वर्षीय रामेश्वर महतो थारू, ६८ वर्षीय पलट महतो थारू, ६८ वर्षीया रामपतिदेवी थरुनी, ६७ वर्षीया गौरीदेवी थरुनी, ४४ वर्षीय लक्ष्मी महतो थारू, ३८ वर्षीय लक्ष्मण महतो थारू र सोही उमेरका राम महतो थारूलाई पक्राउ गरेको हो।

प्रहरीले सातैजनामाथि पर्सा जिल्ला अदालतबाट कुटपिट मुद्दामा जनही रु २४० जरिवाना भएपछि उनस्हरू फरार सूचीमा रहेकाले पक्राउ गरी शुक्रवार पर्सा जिल्ला अदालतमा पेश गरिएको बतायो।

**रोगबाट बच्ने उपायहरू**

- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिसापिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,

साबुन पानीले मिचिमिची हात धोऔं, रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड